# विद्यालय दिवा खाजा कार्यक्रमको गुणस्तर र यसले पारेको प्रभाव

**प्रस्तोता**

रेवती तामाङ

परीक्षा रोल्नं. : २१८०३२५

रजिष्ट्रेशन नं. : ९-२-७७१-००९२-२०११

शैक्षिक वर्ष : २०७२/२०७३

**स्नातकोत्तर (एम.एड) तहको दोस्रो**

**वर्षको कोड नं. ५९८ को आंशिक पाठ्यभार**

**पुरा गर्न स्वास्थ्य शिक्षा विभागमा पेश गरिएको शोध पत्र**

त्रिभुवन विश्वविद्यालय

शिक्षाशास्त्र संकाय,

जनता बहुमुखी क्याम्पस

स्वास्थ्य शिक्षा विभाग

इटहरी, सुनसरी

२०८०

## घोषणा पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय एम.एड दोस्रो वर्षको स्वास्थ्य शिक्षा अन्तर्गतको स्वास्थ्य शिक्षा विषयको कोड नं. ५९८ को आंशिक पाठ्यभार पूर्ति गर्नका लागि मोरङ जिल्लाको केराबारी गाउपालिका अन्तर्गत दिवा खाजा कार्यक्रम लागु भएको विद्यालयको गुणस्तर र यसले पारेको प्रभाव सम्बन्धी शोधपत्र तयार गरिएको छ। यस शोधपत्र तयार गर्ने क्रममा सम्बन्धीत शीर्षक प्रस्तावना तयार गर्ने क्रममा सम्बन्धित शीर्षक प्रस्तावना तयार पारित भइसकेपछि प्रश्नावली निर्माण गरी केराबारी गाउपालिका अन्तर्गत रहेको श्री सावित्री मा.वि. मा आफनै उपस्थितिमा सो विद्यालयको प्र.अ. संग समन्वय गरी अर्न्तवार्ता, प्रश्नावली र अवलोकन फारमको माध्यमबाट तथ्याकं सकंलन गरे त्यस पश्चात प्रश्नावलीबाट प्राप्त भएका जानकारीहरुलाई विभिन्न प्रक्रिया मार्फत तालिकामा प्रस्तुत गरी व्याख्या र विश्लेषण गर्न कार्य गरिएको छ। त्यस्तै व्याख्या विश्लेषणबाट प्राप्त जानकारीलाई नतिजा र निष्कर्ष निकाली सारांश तयार पार्नुका साथै विभिन्न किसिमका सल्लाह र सुझाव समेत उल्लेख गरी प्रस्तुत शोधपत्र तयार गरिएको छ। यो अनुसन्धान मैले आफै गरेको हो यसमा अरुको सारेको, चोरेको छैन, कसैको सारेको रहेछ र त्यस्ले दिने परिणाम म आफै सामाना गर्न तयार छु। यो सोध पत्र नितान्त मौलिक भएको प्रतिबद्दता ब्यक्त गर्दछु।

**शोधकर्ता**

**रेवती तामाङ**

**एम.एड. दोस्रो वर्ष**

**स्वास्थ्य शिक्षा विभाग**

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यलय शिक्षा शास्त्र संकाय एम. एड दोस्रो वर्षको स्वास्थ्य शिक्षा अन्तर्गतको स्वास्थ्य शिक्षा विषयको कोड नं. ५९८ को आंशिक पाठ्यभार पुरा गर्नका लागि रेवती तामाङले तयार पारेको **"विद्यालय दिवा खाजा कार्यक्रमको गुणस्तर"** प्रभाव सम्बन्धी शोध पत्रको लागि स्वीकृति प्रदान गर्दै बाहय परीक्षणका लागि सिफारिस गर्दछु ।

उप प्र.

शोधपत्र निर्देशक

जनता बहुमुखी क्याम्पस

इटहरी सुनसरी

मितिः

........................................

सहायक प्राध्यापक विरेन्द्र कार्की

सुपरिवेक्षक

जनता बहुमुखी क्याम्पस

त्रिभुवन विश्वविद्यालय

# जनता बहुमुखी क्याम्पस

प.न.
च.न.
मिति :

## स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय एम. एड दोस्रो वर्षको स्वास्थ्य शिक्षा अन्तर्गतको स्वास्थ्य शिक्षा विषयको कोड नं. ५९८ को आंशिक पाठ्यभार पुरा गर्नका लागि रेवती तामाङले तयार पारेको विद्यालय दिवा खाजा कार्यक्रमको गुणस्तर र यसले पारेको प्रभाव सम्बन्धी गरिएको शोधपत्र प्रति पूर्ण सन्तुष्टि प्रकट गर्दै परिक्षण गरी स्वीकृत गरिएको छ।

शोधपत्र मूल्याकंन समिति

सह प्रा . संजीव कुमार यादव

स्वास्थ्य शिक्षा विभाग प्रमुख — विभागीय प्रमुख

जनता वहुमुखी क्याम्पस, इटहरी, सुनसरी

त्रिभुवन विश्वविद्यालय

सहायक प्रा. वीरेन्द्र कार्की — सुपरिवेक्षक

जनता बहुमुखी क्याम्पस,

इटहरी, सुनसरी

स्वास्थ्य शिक्षा विभाग

जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी — वाह्य परिक्षक

त्रिभुवन विश्वविद्यालय

## कृतज्ञता

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय एम.एड. दोस्रो वर्षको स्वास्थ्य शिक्षा विषयको कोड नं. ५९८ को आंशिक पाठ्यभार पूरा गर्नका लागि तयार पारिएको विद्यालय दिवा खाजा कार्यक्रमको गुणस्तर र यसले पारेको प्रभाव शीर्षकमा शोधपत्रका लागि केराबारी गाउपालिका अन्तर्गत ५ नं. वडामा रहेको विद्यालय श्री सावित्री मा.वि. अनुसन्धान क्षेत्रको रुपमा रहेको छ । जस अन्तर्गत दिवाखाजाले विद्यार्थीको विभिन्न पक्षमा पारेको प्रभावलाई शोधपत्रमा समेटिएको छ ।

प्रस्तुत शोत्रपत्र तयार गर्ने शिलशिलामा शीर्षक चयनदेखि लिएर प्रस्तावना लेखन र शोधपत्र तयार गर्ने क्रममा आफनो अमूल्य सुझाव निर्देशन र मार्ग निर्देशन प्रदान गर्नुहुने सुपरिवेक्षक श्री सन्जीव कुमार यादव, साहायक प्रा. श्री बिरेन्द्र कार्कीज्यूप्रति हार्दिक कृतज्ञता प्रदान गर्न चाहान्छु । त्यसै गरि सोधपत्र लेखनमा सरसल्लाह र सुझाव दिनुहुने स्वास्थ्य शिक्षा विभागका विभागिय प्रमुख सह प्राध्यापक सन्जिव कुमार यादव सरलाई धन्यवाद दिन चाहान्छु । अध्ययन क्षेत्रको रुपमा रहेको श्री सावित्री मा.वि. केराबारी ५ का प्रधानाध्यापक शिक्षकहरु नमुना छनौटमा परेका विद्यार्थीहरुलाई हार्दिक आभार प्रकट गर्न चाहान्छु । अन्त्यमा मेरो शोधपत्र लेखनका लागि प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने शुभचिन्तक र कम्प्युटर टाइपिङमा सहयोग पुऱ्याउनु हुने एप्पल कम्प्युटर प्रिन्टर्सलाई पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु । अन्त्यमा, उचित मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय समक्ष सविनय पेश गर्न चाहन्छु ।

**रेवती तामाङ**

# सारसङ्क्षेप

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय स्नातोकत्तर तह दोस्रो वर्ष स्वास्थ्य शिक्षा विषय अन्तर्गत कोड नं. ५९८ को पाठ्यभार पुरा गर्न यो शोधपत्र तयार पारिएको छ । यस शोध पत्रको शीर्षक विद्यालय दिवाखाजा कार्यक्रम गुणस्तर र यसले पारेको प्रभाव रहेको छ । यस शीर्षकमा अध्ययन गर्नुको उद्देश्यहरु

१. दिवा खाजाको गुणस्तर पत्ता लगाउनु

२. दिवा खाजा कार्यक्रमको प्रभावकारिता पत्ता लगाउनु रहेको छ ।

यस अध्ययन विश्लेषणबाट विधिमा आधारित हुनुका साथै अध्ययन नमुनाको रुपमा मोरङ जिल्लाको केराबारी गाउपालिका अन्तर्गतका दिवा खाजा कार्यक्रम लागु भएको श्री सावित्री मा.वि. सत्तिसाले १०/१० जना विद्यार्थीहरु प्र.अ. १ जना, वर्ग शिक्षक १ जना र खाजा व्यवस्थापन समितिका अध्यक्ष नमुनाको रुपमा छनौट गरिएको छ । साथै प्रश्नावली तयार पारी अर्न्तवार्ता विधि अपनाई अनुसन्धानकर्ता स्वयमको उपस्थितिमा तथ्याकं संकलन गरिएको छ । संकलित तथ्याकंलाई तालिका र व्याख्या विश्लेषण गरी प्रस्तुत गरिएको छ । अर्न्तवार्ता र अवलोकन फारमबाट प्राप्त तथ्याकंको विश्लेषण पश्चात सावित्री मा.वि. मा दिवा खाजा कार्यक्रमको उचित व्यवस्थापनबाट वञ्चित रहेको अवस्था पाइयो । विद्यालयमा उचित पकाउने ठाउको अभाव, भण्डारणको अभाव तथा पकाउने जनशक्तिको अभाव रहेको पाइयो । यस विद्यालयमा दिवाखाजा केही समय दिएर पछि फेरी दिवाखाजा नदिएर नगद रकम नै दिएको पाइयो । नगद र खाजा जे दिए पनि विद्यार्थीहरुको भर्नादरमा दिवाखाजा लागु हुनु भन्दा अगाडिको वर्ष र लागु भए पश्चातको वर्षहरुमा उत्साहजनक वृद्धि भएको पाइयो । यस्तै कक्षामा विद्यार्थीको उपस्थिति पनि वृद्धि भएको पाइयो । कक्षा छाड्ने प्रवृत्तिमा न्युनिकरण भएको कक्षा दोहोर्‍याउने संख्या घटेको हुनाले सिकाइमा सकरात्मक प्रभाव देखियो । दिवाखाजा कार्यक्रम लागु भएका विद्यालय ग्रामीण परिवेशमा रहेको हुनाले गरिबीको कारण विद्यालय आउन नसकेका विद्यार्थीहरु पनि आउन थालेको, भोकले कक्षाकोठामा निदाउने, सिकाइप्रति अनुपस्थित हुने दरमा सुधार भएको पाइयो ।

समग्रमा दिवा खाजा कार्यक्रमले सकरात्मक परिवर्तन भएको पाइएको छ ।

विभिन्न समस्याहरुको माझ विद्यालयको शैक्षिक कार्यक्रम निरन्तर संचालन भइरहे पनि दिवा खाजा कार्यक्रममा अझै पनि धेरै सुधार गर्नुपर्ने देखिन्छ । भण्डारणको उचित व्यवस्थापन नियमित ताजा खाजा तथा पकाउने कालिगढको व्यवस्था गर्नुपर्ने र खाजाको सट्टामा नगद नै दिने परम्परालाई निरुत्साहित गर्नुपर्ने, खाजाका लागि रकम थप गर्नुपर्ने सुझाव यस शोधपत्र मार्फत दिइएको छ । थप प्रोत्हासन हौसला प्रदान गर्न विभिन्न कार्यक्रमहरु संचालन गर्नुपर्दछ, अनुगमन प्रणालीलाई चुस्त दुरुस्त बनाउनु पर्नेछ सबै तह र विद्यालयमा लागु हुनु पर्दछ । समयाअनुकुल खाजा रकम पनि बढाउनु पर्दछ ।

## विषय सुची

| विवरण | पेज नं. |
|---|---|
| आवरण पृष्ठ | i |
| घोषणा पत्र | ii |
| सिफारिस पत्र | iii |
| स्वीकृति पत्र | iv |
| कृतज्ञता पत्र | v |
| सारसंक्षेप | vi |
| विषयसूची | viii |
| सन्दर्भ ग्रन्थ सूची | xi |
| संक्षिप्त रुपको पुरा रुप | xii |

परिच्छेद एक

परिचय

| | |
|---|---|
| १.१ अध्ययनको पृष्ठभूमि | १ |
| १.२ अध्ययनको औचित्य | ६ |
| १.३ समस्याको कथन | ७ |
| १.४ अध्ययनको उद्देश्यहरु | ७ |
| १.५ अध्ययनको महत्व | ८ |
| १.६ अध्ययनको सिमाङ्कन | ९ |
| १.७ शब्दावलीको परिभाषा | ९ |

परिच्छेद दुई

सैद्धान्तिक साहित्यको पुनरावलोकन

| | |
|---|---|
| २.१ सम्बन्धित साहित्यको पुनरावलोकन | १२ |
| २.२ अध्ययनको उपदेयता | १३ |
| २.३ साहित्यको पुनरावलोकनको अध्ययनमा प्रयोग | १४ |

२.४ सैद्धान्तिक तथा अवधारणत्मक संरचना १४

परिच्छेद तीन

अध्ययन विधि

३.१ अनुसन्धान ढाँचा १७

३.२ जनसंख्या नमुना र नमुना छनौट रणनीति १७

३.३ तथ्याकं संकलनको साधन र विधिहरु १७

३.४ तथ्याकं संकलन प्रक्रिया १८

३.५ तथ्याकं संकलन र विश्लेषण प्रक्रिया

परिच्छेद चार

तथ्याकंको प्रस्तुतिकरण र विश्लेषण

४.१ विद्यालय सर्वेक्षणबाट प्राप्त तथ्याकंको प्रस्तुतिकरण १९

४.२ विद्यार्थी भर्ना सम्वन्धी विवरण १९

४.३ कक्षा छाड्ने विद्यार्थी संख्या २०

४.४ विद्यालय सर्वेक्षणबाट प्राप्त तथ्याकंको विश्लेषण २१

४.५ विद्यार्थीको औषत उपस्थिति २३

४.६ वर्षको अन्त्यसम्ममा कक्षा छाड्ने विद्यार्थीहरुको विश्लेषण २४

४.७ कक्षा दोहोऱ्याउने सम्वन्धी विश्लेषण २५

४.८ प्र.अ., शिक्षक, अभिभावक, विद्यार्थी सिकाइ उपलब्धी र विश्लेषण २५

४.९ प्रधानाध्यापकबाट प्राप्त सुचनाको विश्लेषण २६

४.१० शिक्षकहरुबाट प्राप्त सुचनाको विश्लेषण २६

४.११ अभिभावकहरुबाट प्राप्त सुचनाको विश्लेषण २६

४.१२ विद्यार्थीहरुबाट प्राप्त सुचनाको विवरण २७

४.१३ अवलोकन नमुना फारमबाट प्राप्त सुचनाको विश्लेषण २८

४.१४ दिवाखाजा कार्यक्रम संचालनमा देखिएको समस्याको पहिचान २८

४.१५ प्रधानाध्यापकबाट प्राप्त सुचना २८

४.१६ शिक्षकबाट प्राप्त सुचना २९

४.१७ अभिभावकबाट प्राप्त सुचना २९

४.१८ विद्यार्थीबाट प्राप्त सुचना २९

४.१९ अवलोकन नमुना फारमबाट प्राप्त सुचना ३०

४.२० साराशं ३०

४.२१ नीतजा ३१

परिच्छेद पाँच

निष्कर्ष र सुझाव

५.१ निष्कर्ष ३३

५.२ सुझावहरु ३४

सन्दर्भ ग्रन्थ सुचि ३६

## अनुसुचि


| | |
|---|---|
| अनुसुचि १ | ३७ |
| अनुसुचि २ | ३९ |
| अनुसुचि ३ | ४१ |
| अनुसुचि ४ | ४३ |
| अनुसुचि ५ | ४५ |
| अनुसुचि ६ | ४७ |

## संक्षिप्त रुपको पुरा रुप

| | | |
|---|---|---|
| NDSH | : | National Demographic Survey Of Health. |
| SHM | : | School Health Movement. |
| SHPM | : | School Health Programme Management. |
| UN | : | United Nation Development Programme. |
| WFP | : | World Food Programme. |
| WHO | : | World Health Organization. |

# परिच्छेद एक

# परिचय

## १. अध्ययनको पृष्ठभूमि :

यस संसारमा समाजको विकास संगसंगै शिक्षाको पनि विकास भएको पाइन्छ । सामाजिक विकासका क्रममा शिक्षाले समाजमा प्रत्यक्ष रुपमा सामाजिक, आर्थिक, सांस्कृतिक राजनैतिक आदि क्षेत्रलाई पनि प्रभाव पार्दछ । जुन रुपले मानव जगतको विकास भयो त्यहि रुपमा नै समाजको निर्माण तथा विकास भएको पाइन्छ । यसरी जुन ठाउको शिक्षाले समाजलाई अग्रगति दियो ती मुलुकहरु चाँडै विकसित भए तर जुन समाजमा शिक्षाको विकास हुन सकेन र अल्पविकसित मुलुकको रुपमा रहिरहेका छन् ।

मानव सभ्यताको प्रारम्भदेखि मानिसले आफुलाई कसरी रोगबाट बचाउन सकिन्छ, के कसरी प्रभावकारी र उत्पादनमुखी बनाउन सकिन्छ भन्ने बारेमा चिन्तन, मनन र खोजबिन गर्दै आएको पाइन्छ । बालबालिकाहरु विद्यालयमा पढ्न जाने प्रचलन आएपछि उनीहरुलाई विद्यालयमा कसरी स्वास्थ्य र सुरक्षित राख्न सकिन्छ भन्ने बारेमा तर्क र मन्थनको उपजको रुपमा सर्वप्रथम १७ औ शताव्दीको अन्त्यतिरबाट पाठशाला स्वास्थ्य गतिविधिको शुरुवात भयो । यस क्षेत्रमा काम नगर्ने असम्वन्धीत व्यक्तिहरुबाट भएको पाइन्छ । विद्यार्थीहरुको स्वास्थ्य वृद्धि र विकासमा चासो राख्ने व्यक्तिहरुले विद्यालयले कसरी बालबालिकाको स्वास्थ्य प्रवर्दनमा योगदान पुऱ्याउन सक्छ भन्ने उपायहरु पत्ता लगाउनमा आफनो प्रयासलाई केन्द्रित गरेको पाइन्छ । युरोपको प्रख्यात वैज्ञानिक John Peter frank (1745-1821) ले विद्यालय स्वास्थ्यको विषयमा श्रङ्खलाबद्ध लेखहरु प्रकाशित गरेका थिए । सन १८९० को दशकमा अमेरिकाको Boston and philadelphla मा कुपोषणलाई कम गर्ने उद्देश्यले विद्यालयमा खाजा खुवाउने सरकारी कार्यक्रमको थालनी भयो । विद्यालय स्वास्थ्य कार्यक्रमको व्यवस्थापन (२०६८) सालमा भयो ।

विश्वका अविकसित मुलुकहरुमध्ये नेपाल एक ज्यादै गरिब देश हो । यहाँका कुल जनसंख्या मध्ये २२ प्रतिशत किसानहरु भूमिहिन छन् । त्यसै गरी ६० प्रतिशत जनताहरुलाई वर्षभरी खान पुग्ने अन्न छैन भने ४० प्रतिशत ले पोषणयुक्त खाना पनि खान नपाउने

अवस्था छ । UNDP को मानव विकास प्रतिवेदन २०१३ अनुसार १८५ देशहरुमध्ये नेपाल १५७ औ स्थानमा देखा परेको देखाइएको छ ।

नेपालको कुल जनसंख्याको ४७ प्रतिशत जनसख्या गरिबिको रेखामुनि रहेका छन् । यस्ता गरिबिका रेखामुनि रहेका देशका व्यक्तिहरुलाई शिक्षा प्राप्त गर्नु झन् चुनौतीको विषय बनेको छ । बिकसित मुलुकहरुमा ९० प्रतिशत भन्दा बढी साक्षरता भएकोमा नेपालमा साक्षरताको प्रतिशत मात्र पुग्न सकेको छ । यसमा छात्रको संख्या भन्दा छात्राको अझै कम देखिन्छ । यसरी कक्षा छाड्ने, कक्षा दाहोऱ्याउने गरेको देखिन्छ । यसरी कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने र भर्ना हुन नआएको कारणहरु धेरै छन् । यी मध्ये प्रमुख कारणहरु मध्ये गरिबी बालबालिकाहरुमा पारिवारिक बोझ, विद्यालय टाढा हुनु, विद्यालयभित्र जातजातिमा विभेद, कम उमेरका विद्यार्थीहरु भर्ना हुनु र बुवा आमा नै अशिक्षित हुनु हो ।

माथि दिइएका विभिन्न समस्याहरुलाई निराकरण गर्न नेपालमा गरिबी निवारण गर्न आर्थिक र सामाजिक उत्थान गर्न र मानवीय मुल्य र मानवताको विकास गर्नका लागि शिक्षालाई मूल माध्यमको रुपमा लिइएको छ । देशको सर्वाङ्गिण विकास र मानवीय क्षमताको विकासका लागि साक्षरता शिक्षा नै प्रथम खुट्किलो भएकोले प्राथामिक शिक्षाको स्तरलाई गुणस्तर युक्त बनाउन अति जरुरी छ ।

आर्थिक वर्ष २०५२/०५३ सन १९९६ जनवरी १) देखि खाद्यान्न न्युन भएका तथा प्राथामिक तहमा विद्यार्थी भर्ना प्रतिशत कम भएका जिल्लाहरुका छात्रछात्राहरुको लागि दिवा खाजाका रुपमा व्यवस्था गर्ने गरी विश्व खाद्य कार्यक्रम तत्कालीन श्री ५ को सरकयरको संयुक्त लगानीमा शिक्षा मन्त्रालय अन्तर्गत प्राथामिक विद्यालय पौष्टिक आहार कार्यक्रम परियोजनाको रुपमा १८ महिनाको लागि संचालन गरियो । पहिलो योजना ८ जिल्लाहरुमा डोटी, डडेल्धुरा, आछाम, दैलेख, रुपन्देही, रुकुम, पर्सा र धनुषामा संचालन गरिएको थियो । प्रत्येक वर्ष जिल्लाहरुमा थप गर्दै जाने क्रममा २०५५ सालमा सुर्खेत र सल्यान, २०५६ सालमा प्युठान बैतडी, २०५७ सालमा जाजरकोट , बझाङ बाजुरा र दार्जुला गरी २०५७ साल सम्ममा १६ जिल्लामा बिस्तार गरेको थियो । हाल आएर यो अन्य जिल्लाहरुमा लागु गर्ने क्रममा ३० जिल्लामा संचालन भएको छ । (विद्यालय स्वास्थ्य कार्यक्रमो २०६८) शिक्षाको पहुचमा सुधार गर्ने उद्देश्यले कर्णाली अञ्चलमा ५ ओटा जिल्लाका छनौटमा परेका सामुदायिक विद्यालयमा आर्थिक वर्ष २०६४/६५ बाट शिक्षा मन्त्रालय, शिक्षा विभाग मार्फत दिवाखाजा कार्यक्रम शुरु भएको थियो । यसलाई विस्तार गरेर २०६६/६७ सालमा ३० वटा

जिल्लामा दिवाखाजा कार्यक्रम लागु गरिएको छ । कर्णाली तथा हिमाली क्षेत्रका ११ वटा जिल्लाका प्राथमिक विद्यालयलाई खाजा खुवाउनका लागि चाहिने सामाग्री उपलब्ध गराउने र बाँकी १९ वटा जिल्लाका छनौटमा परेका प्राथमिक विद्यालयलाई प्रति विद्यार्थी रु १२ ( तराइ र पहाडका विद्यालय) रु १५ (दुर्गम क्षेत्रका ) दरले वर्षकये २०० दिनको लागि खाजा खुवाउने रकम उपलब्ध गराउदै आएको छ । यो कार्यक्रमलाई विस्तार गरी ७५ जिल्लामा पु¥याउने लक्ष्य राखिएको छ । शिक्षा विभागले यो कार्यक्रमलाई व्यवस्थित गर्नका लागि दिवा खाजा व्यवस्थापन तथा कार्यक्रम संचालन कार्यविधि २०६६ तयार पारेको छ । उक्त कार्यविधिमा विद्यालय खाजा कार्यक्रमको लक्ष्य पनि उल्लेख गरेको छ ।

परियोजनाले राखेको दीर्घकालीन उद्देश्य अनुसार प्राथमिक शिक्षाको स्तर अभिवृद्धि गरी दक्ष मानवीय स्रोतको विकासमा सहयोग पु¥याउनेछ साथै खाद्यान्न अभाव र शिक्षाको पहुँचमा अति आवश्यक भएका जिल्लाहरुका परिवारका बालबालिकालाई आधारभूत शिक्षा पहुचमा अभिवृद्धि गर्न तथा विद्यार्थीहरुको पोषण र स्वास्थ्य स्थितिमा सुधार ल्याउने कार्यक्रमको दीर्घकालीन उद्देश्य रहेको छ । यस परियोजनाका अल्पकालीन उद्देश्यहरु केही निम्न प्रकारका रहेका छन् ।

१) विद्यार्थी हाजिरी प्रतिशतलाई बढाउने

२) कक्षा छाड्ने प्रवृत्तिलाई कम गराउने

३) विद्यार्थीको अध्ययन क्षमतालाई वृद्धि गराउन छोटो समयको निम्ति भोकबाट राहत गराउने

४) छात्राहरुको भर्ना प्रतिशतमा अभिवृद्ध गर्ने

५) आर्थिक स्थितिमा सुधार गर्ने

६) छात्रा उत्प्रेरणा कार्यक्रम लागु गर्ने

७) विद्यालय परिवार र समुदायको संयुक्त प्रयासले लैगिंक भेदभाव हटाइ विशेषतः छात्राहरुको भर्ना प्रतिशत वृद्धि गर्न खाजा कार्यक्रममा आमाहरुको सहभागीता बढाउने ।

उपर्युक्त उद्देश्यहरु पूरा गर्नका लागि यो परियोजना लागु भएका जिल्लाहरुमा विद्यालय खुलेको दिन विद्यार्थीहरुको उपस्थिति अनुसार प्राथमिक विद्यालयका

बालबालिकाहरुलाई पौष्टिक आहारका रुपमा हलुवा बनाइ खुवाउने गरेको पाइन्छ । खाजा बनाएर खुवाउनका लागि प्रति विद्यार्थी ८५ ग्राम सर्वोत्तम पिठो, १५ ग्रा. चिनी, १० ग्रा. बनस्पती ध्यू उपलब्ध गराउदछ । त्यसैगरी खाना बनाउने भान्से, पकाउने भाडाकुडा आदि सम्त उक्त परियोजनाले उपलब्ध गराउदै आएको थियो । उक्त परियोजनाको आवधिक मूल्याकंन समेत २ पटक भइसकेको र यसले विद्यार्थीको सिकाइ उपलब्धि भर्ना कक्षा छोड्ने, कक्षा दोहोऱ्याउने र उपस्थितिमा सुधार भएको प्रतिवेदन पेश गरेको थियो ।

छनौटमा परेका विद्यालयले जिल्ला शिक्षा कार्यालयबाट विद्यार्थीहरुलाई खाजा खुवाउने रकम लिएर विद्यालयमा खाजा खुवाउनुपर्दछ । खुवाउने प्रवन्ध मिलाउनका लागि विद्यालयले देहाय वमोजिमका विद्यालय खाजा व्यवस्थापन समिति गठन गर्नुपर्दछ ।

१) सम्बन्धित विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - अध्यक्ष

२) सम्बन्धित वडाको वडाअध्यक्ष - सदस्य

३) विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको सम्वन्धित विद्यालयका अभिभावकहरु मध्येबाट कम्तीमा १ जना महिला सहित बढीमा २ जना - सदस्य

४) शिक्षक अभिभावक संघले मनोनित गरेको अभिभावक मध्येबाट कम्तीमा १ जना महिला सहित बढीमा २ जना - सदस्य

५) विद्यालयमा गठन भएको बाल क्लबबाट र बाल क्लब नभएमा विद्यार्थी मध्येबाट १ जना छात्रा सहित बढीमा २ जना सदस्य - सदस्य

६) स्थानीय स्तरमा वन उपभोक्ता समिति र आमा समुह गठन भएको भए सो को अध्यक्ष १ -१ जना गरी २ जना - सदस्य

७) व्यवस्थापन समितिले तोकेको शिक्षक मध्येबाट १ जना शिक्षक - सदस्य सचिव

हाम्रो नेपालमा निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता दिनप्रतिदिन बढ्दै गइरहेको छ । आधारभुत शिक्षामा गरेको लगानीलाई फलदायी बनाउन आधारभुत शिक्षामा सिकाइलाई बालमैत्री बनाउन विशेषगरी तल्ला कक्षामा दाहोऱ्याउने र बिचैमा पढाइ छोड्ने विद्यार्थीको संख्यामा कमि ल्याउन विद्यार्थीको निरन्तर मूल्याकंन गर्न उपचारात्मक शिक्षण सिकाईबाट मात्र सम्भव हुन्छ । यसै दृष्टिकोणबाट नेपाल सरकार शिक्षा मन्त्रालयले हाल

आधारभूत शिक्षाको कक्षा १ -८ सम्म निरन्तर विद्यार्थी मूल्याकंन प्रणाली लागु गरेको छ । मिति २०६४ साल भाद्र २ गतेको सप्तकोशीले पश्चिम कुशाह स्थित कोशी बाँध फुटाए पश्चात त्यस क्षेत्रका बासिन्दाहरु त्यस क्षेत्रबाट विस्थापित हुनुपऱ्यो । कृषि उपज जमिन पनि कोशी नदीले पुरै बालुवाले ढाकी उत्पादन हुन नसक्ने स्थितिमा पुऱ्यायो । विभिन्न दातृ निकाय सरकारी क्षेत्र तथा गैरसरकारी क्षेत्रबाट मानवीय सहयोग स्वरुप विभिन्न सामाग्री तथा खाद्यान्नहरु बडिए । त्यस क्षेत्रका बालबालिकाहरुले पनि आफनो विद्यालय छाडि अन्यत्रै जानुपर्ने भयो । खानका लागि अभाव बस्नका लागि छाप्रो नभएका बालबालिकाहरु विद्यालय जानु त कल्पना नै गर्न सकिदैन । त्यसो भएकाले त्यस क्षेत्रका बालबालिकाहरुलाई विद्यालयप्रति आकर्षित गराई शिक्षामा पहुच पुऱ्याउन नेपाल  सरकार शिक्षा मन्त्रालय अन्तर्गत रहेको शिक्षा विभागले २०६६ साल देखि विद्यालय दिवाखाजा कार्यक्रम ३० जिल्लामा संचालन गरी मध्ये मोरङ पनि एक हो । मोरङ जिल्ला अन्तर्गत केराबारी गाउपालिका अर्न्तगतका ३८ ओटा विद्यालयमा पनि दिवा खाजा कार्यक्रमा संचालन हुदै आइरहेको छ । नेपालको संविधानले आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क हुने र प्रत्येक नागरिकलाई खाद्य सुरक्षा समेत प्रत्याभूत गरेको छ । दिगो विकासका लक्ष्यमा गरिबी न्यूनीकरण, भोक उन्मूलन र सबैलाई गुणस्तरीय आधारभुत शिक्षा सुनिश्चत गर्ने राष्ट्रिय प्रतिबद्धता व्यक्त गरिएको छ । आर्थिक रुपमा विपन्न मानव विकास सुचाङ्कमा पछि परेका समुदायका बालबालिकालाई दिवाखाजा सहित निशुल्क शिक्षा ऐन २०७५ ले व्यवस्था गरेको छ । नेपाल सरकारको वार्षिक कार्यक्रम तथा बजेटमा समेत दिवा खाजा कार्यक्रमलाई क्रमश : विस्तार गर्दै लागिएको सन्दर्भमा हाल संचालित नगद अनुदान सहयोग र खाद्य सामाग्री आपूर्तिमा आधारित दुवै ढाँचाका दिवा खाजा कार्यक्रमलाई एकिकृत गरी थाप व्यवस्थित र प्रभावकारी बनाउनु आवश्यक रहेको छ ।

नेपाल सरकारको आर्थिक वर्ष २०७९/८० को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सामुदायिक विद्यालयका प्रारम्भिक बालबिकासदेखी कक्षा ६ सम्म अध्ययन तीस लाख भन्दा बढी विद्यार्थीका लागि दिवा खाजा कार्यक्रम संचालन भइरहेको छ । संघीय सरकारबाट वार्षिक रुपमा ९ अरब भन्दा बढी बजेट स्थानीय तहमा वित्तिय हस्तान्तरण हुने यस कार्यक्रमका लागि कतिपय स्थानीय तहबाट थप बजेट व्यवस्थापन गरी उत्साहजनक रुपमा कार्यक्रम संचालन भइरहेको छ । केही विद्यालयहरुमा दिवा खाजा व्यवस्थापन सन्तोषजनक हुन नसकेको र केही स्थानीय तहबाट बजेट निकासा नभएकोले दिवाखाजा कार्यक्रम प्रभावित भएको भन्ने गुनासो यस केन्द्रमा प्राप्त भएको छ ।

खाद्यान्न कम उत्पादन हुने क्षेत्रका साथै आदिबासी, जनजाती , दलित र भूमीहिन किसानको बाहुल्यता भएको क्षेत्रमा लागु गरिएको यो कार्यक्रम नेपालको सबै जिल्लाहरुमा लागु गरिएको छ । विद्यार्थी भर्ना वृद्धि गर्नु, नियमितता वृद्धि गर्नु, बिचैमा कक्षा छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु र सिकाइ उपलब्धीमा वृद्धि गर्नु उद्देश्य राखी २०६६ साल बाटै मोरङ जिल्लामा पनि यो कार्यक्रम संचालन गरिएको छ ।

## १.२ अध्ययनको औचित्य

नेपाल एक कृषि प्रधान देश हो । यहाँका सबैभन्दा बढी जनताहरु कृषि पेशामा आश्रित भएता पनि पेटभरी खान, शरिर भरी लुगा लगाउन पाएका छैनन् । विश्वमा अन्य देशहरुको तुलनामा हाम्रो देश नेपाल धेरै नै पछि परेको छ । यसको मुख्य कारण अशिक्षा, गरिबी, बेरोजगार, भोक, रोग, आदि । सन् २००४ बाट “सबैलाई शिक्षा” भन्ने नारा लिएता पनि यथार्थमा सबैले शिक्षा प्राप्त गर्न सकेका छैनन् । नेपालको दुर्गम क्षेत्रका धेरैजसो बालबालिकाहरु पेटभरी खान नपाई रोग र भोकले ग्रसित छन् । शरीरमा एकसरो कपडा लगाउन र खाली पेटलाई भर्न नसकेका बालबालिकाहरुका लागि विद्यालय शिक्षा प्राप्त गर्नु भनेको असम्भव हुन्छ । उनीहरुको दैनिक दिनचर्या भनेको भोकलाई तृप्त गर्नु र शरीरमा एकसरो कपडा लगाउनु नै हुन्छ । उनीहरुलाई अहिले के खायो भरे के खाउँ ? भोली के खाउँ भन्ने अवस्थामा शिक्षाको कुरा पर हुन्छ । जबसम्म उनीहरुको जीवनमा शरीरमा कपडा र भोको पेटमा अन्न पर्दैन तबसम्म उनीहरुका लागि यस्ता नाराहरु नारामा सिमित रहन्छन् । शिक्षा प्राप्त गर्नका लागि सर्वप्रथम बालबालिकालाई पौष्टिक आहारको आवश्यकता पर्दछ । जसले गर्दा उनीहरु स्वस्थ्य भइ शिक्षा प्राप्त गर्ने कार्यमा अग्रसर हुन सक्दछन् । यिनै कुराहरुलाई मनन गरेर नेपाल सरकारले नेपालका खाद्यान्न उत्पादन कम भएका क्षेत्रहरुमा सहयोग पुऱ्याउने उद्देश्यले दिवाखाजा कार्यक्रम अन्तर्गत प्राथामिक विद्यालयका बालबालिकाहरुलाई दिवाखाजाका रुपमा नगद प्रदान गर्दै आएको छ ।

मोरङ जिल्लाका विभिन्न विद्यालयहरुमा यो कार्यक्रम लागु गरिए तापनी यसले राखेकय उद्देश्यहरु पुरा हुन सक्यो वा सकेन साथै ति उद्देश्यहरु पूर्तिकय लागि कार्यक्रम कार्यन्वयनमा के के समस्याहरु आए ती समस्याहरु कसरी समाधान गर्ने, समस्या आउन नदिन के के उपाय, प्रविधि तरिका अपनाउने लक्षित समूह कति लाभान्वित छन् ? र समग्र रुपमा उक्त कार्यक्रमले सिकाइमा कति र कस्तो प्रभाव छाड्न सक्यो, सिकाइ प्रक्रियामा सुधार ल्याइ दक्ष जनशक्ति उत्पादन गर्न यो कार्यक्रम अझै कसरी प्रभावकारी बनाउने

सम्वन्धमा अनुसन्धान गर्नु जरुरी छ । अध्ययन अनुसन्धानको निष्कर्षबाट माथीका समस्याहरमा सिकाइ उपलब्धी हासिल गराउन सकिन्छ सकिदैन ? यिनै कुराहरुलाई मध्यनजर राख्दै स्नात्तोकोत्तर तहको आंशिक आवश्यकता परिपूर्ति गर्न थालिएको शोधकार्यको लागि मोरङ जिल्लाका प्राथमिक तहका विद्यालय दिवा खाजा कार्यक्रमले पारेको प्रभाव अध्ययन गर्न यो विषयवस्तु लिइएको छ । यस अध्ययनबाट प्राप्त हुने विश्लेषण निष्कर्ष तथा सुझावले विश्व खाद्य कार्यक्रम नेपाल सरकार, आधारभुत विद्यालय दिवाखाजा कार्यक्रम, जिल्ला शिक्षा कार्यालय मोरङ, स्वयं विद्यालयलाई समेत अझ प्रभावकारी तवरले यो कार्यक्रम सुधार गर्दै लैजान सहयोग मिल्नेछ । त्यस्तै कार्यक्रम संचालन गर्ने दातृ निकाय राष्ट्रिय, अन्तराष्ट्रिय संघ संस्थाहरु, गैरसरकारी संस्थाहरुलाई समेत यस अनुसन्धानले मार्गनिर्देशन गर्नेछ भन्ने विश्वास साथै यस अध्ययनले केन्द्र देखी स्थानीय तह सम्मका कर्मचारी फिल्डमा काम गर्ने कर्मचारी, विद्यालय शिक्षकलाई समेत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याइ आगामी कार्यक्रम संचालनमा बिना वाधा सफल पार्न सहयोग गर्नेछ भन्ने विश्वास लिइएको छ । यस सोधकार्यले आगामी पुस्ताका लागि यस विषयसंग सम्वन्धित अध्ययन अनुसन्धान गर्न थप मार्ग निर्देशन गर्ने छ भन्ने अभिप्रायले यस कार्यक्रममा भएका समस्या समाधान गर्न ठोस सुझावहरु दिने प्रयास गरिने छ । उक्त हुबहु लागु गर्न नसके पनि अधिकतम उपयोग गरेमा कार्यक्रमको आगामी भविष्य फलदायी हुनेछ ।

## १.३ समस्याको कथन

दलित, आदिवासी, जनजाती आदि जातिको वाहुल्यता रहेको यस क्षेत्रमा नेपाल सरकारले लागु गरेको दिवाखाजा कार्यक्रमको असरको लेखाजोखा नै यसको समस्या हो । जसमा निम्न समस्याहरु भित्र रहि यो अनुसन्धान कार्य संचालन गरिएको थियो ।

क) मुख्य प्रश्न

शारीरिक तथा मानसिक कमजोरी विद्यार्थी भर्नादर र शैक्षिक उपलब्धी न्यून र कक्षा छाड्ने दर र कक्षा दोहोऱ्याउने दर उच्च जस्ता समस्यालाई घटाइ विद्यार्थीहरुमा सिकाई उपलब्धी प्रदान गर्न दिवाखाजा कार्यक्रमले कसरी सहयोग गरेको छ ।

## १.४ अध्ययनका उद्देश्यहरु

यस अध्ययनका लागि निम्नलिखित उद्देश्यहरु राखिएका छन् ।

१) दिवाखाजा कार्यक्रमको प्रभावकारीताको लेखाजोखा  गर्नु ।

२) दिवाखाजा कार्यक्रमको समस्या पहिचान गरी समाधानको उपायको खोजी गर्नु ।

## १.५ अध्ययनको महत्व

बालबालिकाहरु शिक्षाको उज्यालो प्रकाशबाट बञ्चित रहनुको पछाडि विभिन्न कारणहरु हुन सक्छन् त्यसमध्ये गरिबी पनि एक हो । गरिबीको कारण अभिभावकले बालबालिकालाई विद्यालय नपठाएर घरायसी काममा प्रयोग गरेको हुनसक्छ । शिक्षा प्राप्त गर्नु बालबालिकाको नैसर्गिक अधिकार हो । तसर्थ अहिलेको वर्तमान परिस्थितिमा पनि बालबालिका विद्यालयको शिक्षाबाट बञ्चित रहनु समाज पुरानै अवस्थामा रहेको भान हुन्छ । विद्यालय जस्तो महत्वपूर्ण ठाउँमा बालबालिकाको सर्वाङ्गिण विकास गर्न सरकारले प्राथामिक तहका विद्यार्थीहरुलाई दिवाखाजा प्रदान गरी भर्नादर बढाउने र सबैलाई शिक्षा भन्ने नारालाई साकार रुप दिन प्रति विद्यार्थी रु १५ का दरले उपस्थिति भएको दिनको लागि उपलब्ध गराउनु सकरात्मक पक्ष हो । यस कार्यक्रमको वर्तमान अवस्था र यसलाई भविष्यमा प्रभावकारी तरिकाले कार्यान्यवन गर्दै कसरी अगाडि लैजान सकिन्छ । प्रस्तुत अध्ययन पनि स्थलगत भएकोले यसका विभिन्न पक्षहरु पत्ता लगाउन अध्ययन गरिएको हुनाले यसको महत्व निम्नानुसार छन् ।

१) दिवाखाजा कार्यक्रमको गुणस्तरीयता थाहा पाउन ।

२) दिवाखाजा कार्यक्रमले पारेको प्रभावकारिता थाहा पाउन ।

३) भविष्यमा यस सम्बन्धी अध्ययन गर्नेलाई सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्नु ।

४) नीति निर्माण तथा कार्यान्वयन पक्षलाई सुझाव प्रदान गर्न ।

५) दिवा खाजा कार्यक्रमले विद्यालयमा सकरात्मक र निरन्तरता जस्ता अभ्यास गर्नु ।

६) निरक्षरता घटाइ साक्षरता दर बढाउन ।

७) स्नातकोत्तर तहको लागि प्रयोगात्मक र सक्षमता दर बढाउन ।

८) बाल अधिकारको संरक्षण गर्न ।

## १.६ अध्ययनको सिमाङ्कन

क) केराबारी गाउंपालिका अर्न्तगत ३८ वटा विद्यालयमध्ये केराबारी ५ स्थित श्री सावित्री मा.वि. दिवाखाजा कार्यक्रम लागु भएको विद्यालय हो ।

ख) यस विद्यालयका १०/१० जना विद्यार्थीबाट प्रश्नावली आधारमा तथ्याकं संकलन गरिएको थियो ।

ग) श्री सावित्री मा.वि.को प्र.अ. संग अर्न्तवार्ता र प्रश्नावलीको आधारमा तथ्याकं संकलन गरिएको थियो ।

घ) खाजा व्यवस्थापन समितिको अध्यक्षबाट प्रश्नावली भरी अनुसन्धान गरिएको थियो ।

ङ) अभिभावकबाट प्रश्नावली  भरी अनुसान्धन गरिएको थियो ।

## १.७ शब्दावलीको परीभाषा :

यस अध्ययन अनुसन्धानमा प्रयोग भएका विशिष्ट शब्दावलीलाई तल प्रस्तुत गरिएको छ ।

विद्यालय : विद्यालय भन्नाले दिवाखाजा कार्यक्रम लागु भएको श्री सावित्री मा.वि. लाई लिइएको छ ।

कार्यक्रम : विद्यालय दिवाखाजा कार्यक्रमलाई बुझाउनेछ ।

प्र.अ. : श्री सावित्री मा.वि. को प्रधानाध्यापकलाई लिइएको छ ।

शिक्षक : श्री सावित्री मा.वि. का शिक्षकहरुलाई लिइएको छ ।

गाउँपालिका : केराबारी गाउँपालिका भन्ने बुझिन्छ ।

विद्यार्थी : विद्यार्थी भन्नाले श्री सावित्री मा.वि.का विद्यार्थीहरु भन्ने बुझिन्छ ।

वर्ष : वर्ष भन्नाले कार्यक्रम लागु हुनुभन्दा १ वर्ष अगाडि र कार्यक्रम लागु भएको १ वर्ष पछाडिको समयलाई लिइएको छ ।

# परिच्छेद दुई

## सैद्धान्तिक साहित्यको पुनरावलोकन

कुनै दिन अध्ययनलाई पूर्णता दिन बिगतमा उक्त शीर्षकमा भएका अध्ययन अनुसन्धानले महत्वपूर्ण सहयोग पुऱ्याउछ । तर प्रस्तुत शीर्षक विद्यालयमा प्रदान गरिएको दिवाखाजा कार्यक्रमले सिकाइमा पारेको प्रभावमा अध्ययन गर्न यो अनुसन्धानकर्ताद्धारा अध्ययनका क्रममा विभिन्न पाठ्यपुस्तक, समाचारपत्र तथा विभिन्न बुलेटिनहरुको खोजी गर्दा प्रशस्त मात्रामा फेला नपरेकाले तल उल्लेखित केही पूर्व कार्यक्रमहरु जुन यस कार्यक्रमसंग मिल्दाजुल्दा रहेकय छन् । त्यस कार्यक्रमसंग सम्बन्धित अनुसन्धानका प्रतिवेदनहरु त्यसले देखाएका उद्देश्य, लक्ष्य र प्राप्तीहरु प्रति समीक्षा गर्दै यस कार्यक्रमको अनुसन्धान अगाडि बढाइनेछ

नेपालमा अधिकांश दलित, आदिवासी, जनजातीहरु गरिबीका चपेटामा परेका छन् । आदिबासी जनजाती तथा दलित बालबालिकाहरु गरिबीका कारण सानै उमेरमा काम गर्नुपर्ने कारणले विद्यालय जान नपाउने, गए पनि बिचैमा पढाई छाड्न बाध्य हुनुपरेको छ । कक्षा ५ सम्म केही मात्रामा त्यस्ता विद्यार्थीह विद्यालय गए तापनी माथिल्ला कक्षाहरुमा उनीहरुको उपस्थिति न्युन रहेको पाइन्छ । कतिपय त्यस्ता विद्यार्थीहरु अभिभावकहरुको चाहना आफना छोराछोरीहरुले विद्यालय गई अध्ययन नगरुन् भन्ने रहेको पाइन्छ । किनभने आफना छोराछोरीले दिन भरी उनीहरुलाई घरायसी काममा सघाउन भन्ने इच्छा रहेको हुन्छ । उनीहरुसंग अन्तक्रिया गर्दा काम नगरे बेलुका भोकै सुत्नु पर्ने कुरा बताउछन् । कापी कलम किन्ने पैसाले परिवारलाई एकछाक खान पुग्ने चामल आउने धारणा उनीहरुमा रहेको छ ।

नेपालको सन्दर्भमा सार्वजनिक शिक्षाको अवस्था धेरै दृष्टिकोणबाट सन्तोषजनक छैन । विवेकशील र सक्षम नागरिक उत्पादन गर्ने आदर्श लक्ष्यबाट हाम्रो पद्धति निकै टाढा छ । सार्वजनिक शिक्षाको सम्वन्धमा राज्यको चिन्तन र बुझाइ त्रुटि देखिन्छ । अन्य कुराको अतिरिक्त सार्वजनिक शिक्षाको निम्ति छुट्याउने बजेट खर्च हो या लगानी भन्ने आधारभूत सवालमै स्पष्टता पाइदैन ।

बालबालिकाको शिक्षा र स्वास्थ्यमा गरिने लगानीको प्रतिफलबाट नै भोली यो मुलुक र यहाका नागरिक सम्पन्न हुने छन् । नेपालको सार्वजनिक शिक्षा थुप्रै समस्याबाट

ग्रसित छ तर सबैभन्दा अहम समस्या यसलाई हेर्ने दृष्टिकोण र अपर्याप्त बजेट हो । विद्यालय शिक्षालाई आजको अवस्थाबाट सामान्य अवस्थामा उकाल्न धेरै कुरा गरिनुपर्दछ । बजेट अर्थात लगानी उल्लेखनीय रुपमा बढाउनुपर्दछ । त्यसमा पनि आधारभुत शिक्षा ( पूर्वप्राथामिक तहदेखि कक्षा ८ सम्म) को शिक्षामा भइरहेको खर्च या लगानी भने विशेष रुपमा बढाउन आवश्यक छ । त्यो तहको पठनपाठन सुधार गर्न पर्याप्त कक्षाकोठा, डेस्क, बेन्च, शैक्षिक सामाग्री, तालिम प्राप्त शिक्षक, पुस्तकालय आदि अतिरिक्त हरेक बालबालिकालाई खाजा र पिउने पानीको व्यवस्था विद्यालय विधालयमै गरिन जरुरी छ । जबसम्म नानीहरुको पेट रित्तो रहन्छ । शैक्षिक सुधारका अरु कुनै प्रयास सफल हुन सक्दैन । देशभरका सार्वजनिक विद्यालयका नानीहरुलाई खाना, खाजा खुवाउनु अन्तत राष्ट्रिय लगानी नै ठहर्छ ।

लाखौ सिपाही प्रहरीलाई दैनिक तीन चार छाक खुवाउन सक्षम नेपालको राज्य संयन्त्रको लागि यो धेरै ठूलो चुनौती पनि हुदैन । हरेक विद्यालयमा खाजा या खाना कार्यक्रम सुरु गर्दाका आर्थिक, सामाजिक प्रभावहरु आआफनो किसिमले देखिने छन् तर विद्यालय तहको सिकाई उपलब्धिमा भने केही वर्षमा नै चमात्कारिक परिणाम देखिन पाइने निश्चित छ । (शिक्षक मासिक २०७३)

शिक्षा बजेटको सबैभन्दा हिस्सा शिक्षक तथा तलब भत्ताले ओगटेको छ । जुन स्वभाविक पनि छ । आधारभुत तहको शिक्षामा खर्च गरिने कुल रकमको लगभग ७० प्रतिशत शिक्षक कर्मचारीको तलब भत्ता र बाँकी ३० प्रतिशत रकम गैर तलब भत्तामा खर्च गर्नुपर्दछ भन्ने अन्तराष्ट्रिय मान्यता रही आएको छ । यो अनुपात माध्यमिकमा ६५ प्रतिशत र ३५ प्रतिशत हुन्छ । बजेट निर्माण गर्ने पद्धतिले पनि यसमा फरक पार्न सक्छ । तसर्थ यहा उल्लेख गरिएको ३०/३५ प्रतिशतले जे जति मात्रामा भए पनि शैक्षिक गुणस्तरकय अन्य शीर्षकहरुमा पनि बजेट खर्च गरिनुपर्ने हुन्छ । जसबाट शिक्षाको गुणस्तर वृद्धिमा सहयोग पुगोस् ।

नेपालको सन्दर्भमा आधारभूत तहमा विनियोजन गरिएको बजेटको लगभग ७० प्रतिशत शिक्षक कर्मचारीको तलब भत्तामा खर्च हुने गरेको छ भने बाकी ३० प्रतिशत जति अन्य कार्यमा खर्च हुन्छ त यो ३० प्रतिशत रकम भित्र विद्यालय भवन निर्माण, छात्रवृत्ति, दिवाखाजा जस्ता शीर्षकहरु पर्दछन् । जसको हिस्सा १०-१२ प्रतिशत सम्म हुने गरेको छ ।

यस्तो रकम घटाउदा गुणस्तर अभिवृद्धि गर्ने कार्य अर्थात शैक्षिक सामाग्री आदिका निम्ति अत्यन्त कम हुने बाँकी बजेट रहने गरेको छ ।

यसरी विगतमा भए गरेका विभिन्न कार्यक्रमहरु मध्ये दिवाखाजा कार्यक्रम पनि एक हो । यो कार्यक्रम विगत १५ वर्षदेखि संचालन हुदै आइरहेको छ । यसबाट विद्यालयमा गएर दिवाखाजा कार्यक्रममा सहभागी भएका विद्यार्थीहरु, विद्यार्थीका अभिभावक र सिङ्गो समाजलाई नै शैक्षिक क्रियाकलाप कस्तो सहयोग पुऱ्याउन सकेको छ । यो अनुसन्धानकर्ता यिनै लेख रचना आदिको अध्ययनबाट विद्यालयमा प्रदान गरिने खाजा कार्यक्रमले विद्यार्थीको सिकाइमा पारेको प्रभाव शीर्षकमा विस्तृत अध्ययन अनुसन्धान गर्नेछ , जुन अध्ययन अनुसन्धानबाट प्राप्त निष्कर्ष श्रोता, अनुसन्धानकर्ता एवं राज्यलाई समेत निति निर्माण कार्यमा सहयोग पुऱ्याउनेछ  भन्ने मैले महशुष गरेको छु ।

## २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

स्किनर १९३० का अनुसार कुनै पनि व्यवहार उत्तेजनाका कारणबाट देखा पर्नुलाई प्रतिक्रियात्मक व्यवहार भनिन्छ । स्किनरले सन् १९३० मा क्रियापरक अनुसन्धान मुसामाथि प्रयोग गरेका थिए । यो सिद्धान्तबाट कुनै पनि कुरा सिक्न सिकयरु तत्पर हुनुपर्दछ । सिकारु तत्पर छन् भने र निरन्तर अभ्यास छ भने सिकाइ प्रभावकारी हुन्छ । त्यसकारण विद्यार्थी मूल्याकंनमा पनि यो सिद्धान्तको सम्बन्ध छ । मूल्याकंन एक पटक नगरेर विद्यार्थीले तत्काल सिकाइको क्रममा देखाउने प्रतिक्रियाको आधारमा यसका हरेक क्रियाकलापको निरन्तर रुपमा मूल्याकंन गर्दै जानुपर्दछ । विद्यार्थीको निरन्तर मूल्याकंन गर्ने क्रममा सिकाइ क्रमशः सरलबाट जटिल तर्फ हुनुपर्दछ । सिकारुलाई तय गरिएको एउटा शैक्षिक उपलब्धिमा अभ्यस्त गराइसकेपछि मात्र अर्को शैक्षिक उपलब्धितिर अगाडि बढाउनु पर्ने तथा विद्यार्थीका लागि तय गरिएका उपलब्धिहरु हासिल नभएसम्म सिकारुलाई पटक पटक शिक्षकले अभ्यास गराउनु पर्ने भन्ने कुराको लागि यो सिद्धान्तलाई आधार बनाइएको छ ।

प्याबलम १९०४ का अनुसार कुनै पनि सिकाइ उत्तेजना र प्रतिक्रियामा आधारित हुन्छ । उनले कुकुरमाथि प्रयोग गरेर यो सिद्धान्त प्रतिपादन गरेका हुन् । यस सिद्धान्तमा कुकुरलाई घण्टी बजाउने र खाने दिने कार्य संगसंगै गर्ने कार्य पटक पटक दोहोऱ्याई अभ्यस्त बनाउने कार्य गरिन्छ । यस सिद्धान्त अनुसार सिकारुलाई पटक पटक पूर्नबल दिइ

सिकाइ कार्यमा अभ्यस्त गराउन सकिन्छ । जुन विद्यार्थीका लागि सिकाइ उपलब्धि हासिल गराउन पूर्नबलका रुपमा दिवाखाज कार्यक्रम उपयोगी सिद्ध रहन्छ ।

थर्नडाइक (१९१३) का अनुसार सिकाइ भनेको ठीक व्यवहारलाई आत्मसात गर्नु तथा बेठिक व्यवहारलाई आत्मसात गर्नु तथा बेठिक व्यवहारलाई त्याग्दै जानु हो । सिकारुको पनि सिक्ने क्रममा प्रयासहरु गर्दा गर्दै र प्रतिक्रिया देखाउदा देखाउदै सफलता प्राप्त गर्नु नै सहि समाधान र प्रयासले मात्र स्थायी सिकाइको रुपम लिइ प्रभावकारी हुने कुरामा जोड दिइएको छ । शिक्षण सिकाइ क्रियाकलापहरुलाई प्रभावकारी बनाउनका लागि पाठ्यक्रमले तोकेका क्रियाकलाप तथा शैक्षिक सुचनालाई क्रमशः अभ्यस्त बनाउदो निचोडमा पुग्नुपर्दछ । अभ्यासले मानिसलाई सिकाइ प्रति दत्तचित्त तथा उत्प्रेरित बनाउन मदत गर्ने हुँदा विद्यार्थी मूल्याकंनको क्रममा विद्यार्थीलाई दैनिक रुपमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरिक गराउदै खाजा कार्यक्रमको मूल्याकंन गर्न सकिन्छ ।

मास्लो (१९४३) को सिद्धान्त अनुसार नै वर्तमान प्राथामिक पाठ्यक्रमा सिकाई उपलब्धीलाई क्रमिक रुपमा संगठन गरिएको पाइन्छ । सिकाइ उपलब्धीहरु एकपछि अर्को गर्दै प्राप्त गर्न सकिने गरी सिकाइ अनुभवहरुको संगठन गरिएको छ । वर्तमान प्राथामिक पाठ्यक्रमले विद्यार्थीको सिकाइ उपलब्धी प्राप्त भए नभएको क्रमसंग निरन्तर मूल्याकंन गर्नुपर्ने व्यवस्था गरेको छ । एक चरणको उपलब्धी प्राप्त गरिसकेपछि पछि मात्र अर्को चरणको सिकाइ उपलब्धी प्राप्त गर्नका लागि आवश्यक शिक्षण सिकइ क्रियाकलाप संचालन गर्नुपर्ने व्यवस्था रहेको छ । साथै निश्चित सिकाइ उपलब्धी प्राप्त नभएमा सो प्राप्त गर्नका लागि उपर्युक्त शैक्षणिक प्रक्रिया अपनाउनुपर्ने र सुधारात्मक शिक्षण गर्नुपर्ने व्यवस्था समेत गरेको छ । यसरी प्राथामिक तहमा निर्धारित सिकाइ उपलब्धीहरुको उनको उत्प्रेरणाको सिद्धान्त अनुसार नै राखिएको पाइन्छ । साथै उनको सिद्धान्त अनुसार निरन्तर मूल्याकंन प्रणाली अन्तर्गत खाजा कार्यक्रममा विद्यार्थीहरुले क्रमशः एकपछि अर्को गर्दै सिकाइ उपलब्धि प्राप्त गर्दै गएपछि मात्र कक्षा चढाउने व्यवस्था गरिएको छ ।

## २.२ अध्ययनको उपादेयता :

मूल्याकंन गर्ने क्रममा विद्यार्थीले के कति सिके भनेर मूल्याकंनका साधनहरु प्रयोग गरी विद्यार्थीको क्रमिक रुपमा निरन्तर मूल्याकंन गरिन्छ । यसमा कक्षा कार्य, गृहकार्य,व्यवहार परिवर्तन हाजिरी, अतिरक्ति क्रियाकलाप, सिर्जनात्मक कार्य आदि निरन्तर

रुपमा संचालन गउरन्छ । यसरी विद्यार्थीहरुको पठनपाठनसंग उनीहरुको निरन्तर मूल्याकंन गरी सिक्न नसकेका कुराहरुलाई थप पृष्ठपोषण प्रदान गरी सिकाइ उपलब्धी हासिल गराइन्छ । यसरी पृष्ठपोषण प्रदान गरी सिकाइ उपलब्धी हासिल गराइन्छ । यसरी पृष्ठपोषण प्रदान गर्ने माध्यम दिवाखाजा कार्यक्रम पनि एक हो । यसको कार्यान्वयनको अवस्था पत्ता लगाइ यस कार्यक्रमको उपयोगिता र देखा परेका समस्याहरुको समाधान खोजी समेत यस अध्ययनले गर्ने भएको हुदा यस समस्यासंग सम्बन्धित विद्यार्थी शिक्षक, अभिभावक, विद्यालय लगायत सम्पूर्ण पक्षको लागि यो अध्ययन उपयोगी सावित हुनेछ ।

## २.३ साहित्य पुनरावलोकनको अध्यननमा प्रयोग :

सम्वन्धित साहित्यको प्रयोग अनुसन्धान अवधिभर नै गरिन्छ । यसको प्रयोगबाट विगतमा भए गरेका वा उपलब्धि भएका विभिन्न तथ्यहरुलाई सोधकार्यका लागि सम्भव भएसम्म अधिकतम प्रयोग गरिएको थियो । सम्बन्धित साहित्यको अध्ययनबाट सोध कार्यको लागि उचित शीर्षक छान्न सहयोग पुऱ्याएको छ । सैद्धान्तिक साहित्यलाई अनुसन्धानको निर्देशकको रुपमा लिएको छ । सम्बन्धित साहित्यको प्रयोगलाई प्रश्नावली निर्माण, अवलोकन फारम निर्माण र तथ्याकं विश्लेषण गर्न पनि प्रयोग गरिएको थियो ।

## २.४ सैद्धान्तिक तथा अवधारणात्मक ढाँचा :

दिवाखाजा कार्यक्रमको गुणस्तर सम्बन्धी अध्ययन गर्दा खाजामा हुनुपर्ने पोषक तत्व स्वच्छता शुद्ध वा किटाणु रहित, मिसावट रहित, उपयुक्त भण्डारण, खाजा बनाउने सहि तरिका स्वास्थ्यवर्दक जस्ता पक्षहरुलाई समेटेर प्रश्नावली निर्माण गर्ने र तथ्याकं संकलन गरी विश्लेष्ण र नतिजा निकालिएको छ ।

दिवाखाजा कार्यक्रमको प्रभावकारिता सम्बन्धी अध्ययन गर्दा खाजा कार्यक्रम लागु भएपछि विद्यार्थीको शारिरिक, मानसिक ,शैक्षिक भर्नादर कक्षा छाड्ने दर, उपस्थिति दर र कक्षा दोहोऱ्याउने दरमा पारेको प्रभाव सम्बन्धी अध्ययन गरिएको छ । यसरी अध्ययन गर्न विभिन्न लेखकहरुले भिन्नाभिन्नै संरचनाको निर्माण गरेको पाइन्छ तर यहां सोधकर्ताले उद्देश्य अनुरुप संरचनाको निर्माण गरिएको छ । उक्त संरचना तलको डायग्राममा प्रस्तुत गरिएको छ ।





***Figure No. 1***





***Figure No. 2 Conceptual Framwork of effectiveness & Breakfast.***

माथि दिएको पहिलो चार्ट अनुसार दिवा खाजाको गुणस्तर सम्बन्धमा देखाईको छ । दिवा खाजा ताजा, सफा, पोणणयुक्त, किटाणु रहित, मिसावट रहित र उपयुक्त भण्डारण जस्ता पक्षहरु समेटिएको छ ।

माथि दिएको दोश्रो चार्ट अनुसार दिवा खाजा कार्यक्रमको प्रभाव कस्तो छ ? भनेर उल्लेख गरिएको छ । श्री साबित्री मा.वि. मा दिवा खाजा कार्यक्रमले सकारात्मक प्रभाव पारेको देखिन्छ । विद्यार्थी भर्ना दर, विद्यार्थीहरुको उपस्थिति, सिकाई उपलब्धि, कक्षा छोड्ने दर, दोहोऱ्याउने दरमा सकारात्मक प्रभाव देखिन्छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

## ३.१ अनुसन्धान ढाँचा :

यो अध्ययन अनुसन्धान कार्यक्रम लागु भएको सुरुकै अवस्थाबाट यससंग सम्वन्धित पूर्वज्ञानको पुनरावलोकन उपयुक्त तरिका प्रयोग गरी तथ्याकं संकलन प्रस्तुती विश्लेषण गरिएको छ । यसले विद्यालयमा प्रदान गरिने खाजा कार्यक्रमको प्रभावकारिता स्पष्ट गराउदछ । यस अनुसन्धान विश्लेषणात्मक ढाँचामा प्रस्तुत गरिएको छ । वर्णनात्मक अनुसन्धानलाई विश्वसनीय र वैधता प्रदान गर्न खासगरी अर्न्तवार्ता, अभिलेख अध्ययन र लक्षित समुह छलफल गराइ निष्कर्षमा पुगिएको छ ।

## ३.२ जनसंख्या , नमुना र नमुना छनौट रणनिति :

यस अध्ययन अनुसन्धानमा जनसंख्या छनौटका लागि मोरङ जिल्ला केराबारी गाउपालिका अर्न्तगतको दिवाखाजा लागु भएका केराबारी ५ श्री सावित्री मा.वि. का विद्यार्थीहरु प्र.अ. शिक्षक र खाजा व्यवस्थापन समितको अध्यक्षलाई समेत अध्ययनको क्षेत्रमा समेटिएको छ ।

## ३.३ तथ्याकं संकलनको साधन र विधिहरु :

तथ्याकं संकलन गर्न सोधकर्तालाई प्राथमिक स्रोत (अन्तर्वार्ता) को आवश्यकता पर्ने हुँदा सोही अनुरुपको साधन तथा विधि (वर्णनात्मक विधि) प्रयोग गरिएको छ । यस अनुसन्धानमा वर्णनात्मक विधि, प्रश्नावली, अवलोकन फारम र अर्न्तवार्तालाई तथ्याकं संकलनको साधनको रुपमा प्रयोग गरिएको छ ।

## ३.४ तथ्याकं संकलन प्रक्रिया :

केराबारी गाउँपालिका अर्न्तगतका विद्यालय श्री सावित्री मा.वि.मा स्थलगत भ्रमण गरी श्री सावित्री मा.वि.को प्र.अ. लाई भेटी अध्ययनको उद्देश्य प्रष्ट पारिनेछ । त्यस पश्चात श्री सावित्री मा.वि. का विद्यार्थीबाट प्रश्नावलीको आधारमा तथ्याकं संकलन गरिएको छ । प्र.अ., दिवाखाजा कार्यक्रम समितिको अध्यक्ष र १/१ जना शिक्षकसंग प्रत्यक्ष अर्न्तवार्ता, प्रश्नावली र अवलोकन फारमको आधारबाट तथ्याकं संकलन गरिएको छ ।

## ३.५ तथ्याकंको व्याख्या र विश्लेषण प्रक्रिया :

प्रश्नावली र अवलोकन फारम भर्ने प्रक्रिया सकिएपछि होसियारपूर्वक उक्त तथ्याकंलाई लेखाजोखा गरिएको छ । कच्चा तथ्याकंलाई आवश्यक संसोधन र सम्पादन गरेर मिलन चिह्नको प्रयोग गरी टेबलमा राखिएको छ र उक्त तथ्याकंलाई तालिका तथा पाइचाटको माध्यमबाट व्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद चार

## तथ्याकंको प्रस्तुतिकरण र विश्लेषण

विद्यालयमा प्रदान गरिएको दिवाखाजा कार्यक्रमको गुणस्तर र यसले पारेको प्रभाव अध्ययन गर्नका लागि यो कार्यक्रम लागु भएका विद्यालयहरुको सर्वेक्षण प्र.अ. शिक्षक, विद्यार्थी, अभिभावक, दिवाखाजा कार्यक्रमका जिल्ला प्रमुख आदि सुचना दाताहरुका लागि प्रश्नावली निर्माण गरी अर्न्तवार्ता लिइएको थियो । जसबाट प्राप्त सुचना तथ्याकंलाई यहां प्रस्तुत गरी तपशिलका बुँदागत रुपमा विश्लेषण गरिएको छ ।

### ४.१ विद्यालय सर्वेक्षणबाट प्राप्त तथ्याकंको प्रस्तुतीकरण

मोरङ जिल्ला केराबारी गाउपालिका अन्तर्गत श्री सावित्री मा.वि. बाट तथ्याकं संकलन गरिएको थियो । तथ्याकं संकलन गर्ने क्रममा सोधकर्ताले विद्यालय खाजा व्यवस्थापन समितिका अध्यक्ष प्र.अ. प्रत्येक विद्यार्थीलाई नमुना जनसंख्याको रुपमा लिइएको थियो । तथ्याकं संकलन गर्न प्रश्नावली अवलोकन फारम र प्रत्यक्ष अर्न्तवार्तालाई तथ्याकं संकलन गर्ने साधनको रुपमा प्रयोग गरिएको थियो । श्री सावित्री मा.वि. को मात्र सर्वेक्षण गरिएको थियो । विद्यालयको संकलित तथ्याकंलाई यहाँ प्रस्तुत गरिएको छ ।

### ४.१.१ विद्यार्थी भर्ना विवरण :

श्री सावित्री मा.वि.मा गरिएको दिवा खाजा कार्यक्रमले सिकाइमा पारेको प्रभाव सम्बन्धी अध्ययनले विद्यालयमा दिवा खाजा कार्यक्रम लागु हुनु पूर्व विद्यार्थी भर्ना दर कम थियो र कार्यक्रम लागु भएपछि विद्यार्थी भर्नादरमा वृद्धि भएको पाइन्छ । विद्यालयमा दिवा खाजा कार्यक्रमले कतिको प्रभाव पारेको छ भनी अध्ययन गर्दा यो कार्यक्रमले सकरात्मक परिवर्तन भएको देखिन्छ । कार्यक्रम लागु हुनुभन्दा एक वर्ष अगाडिको शैक्षिक सत्र र कार्यक्रम लागु भइसकेको एक वर्ष पछिको शैक्षिक सत्रमा प्रत्येक कक्षामा भर्ना भएका औसत विद्यार्थीहरु निम्न बमोजिम तालिकामा देखाइएको छ ।

**तालिका नं. ४.१ विद्यार्थी भर्ना विवरण**

| कक्षा | कार्यक्रम लागु हुनुभन्दा अगाडि | | | कार्यक्रम लागु भइसकेपछिको वर्ष | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | ९ | ८ | १७ | ९ | १२ | २१ |
| २ | ८ | ७ | १५ | १२ | १२ | २४ |
| ३ | १० | ११ | २१ | १५ | १७ | ३२ |
| ४ | २० | १५ | ३५ | २० | २० | ३५ |
| ५ | १८ | १९ | ३७ | २२ | २४ | ४६ |
| ६ | २० | ३० | ५० | २५ | ३० | ५५ |

माथिको तालिका नं १ अनुसार विद्यालय दिवा खाजा कार्यक्रम लागु हुनुभन्दा अगाडि विद्यार्थी भर्ना जम्मा ५० मात्र थियो कार्यक्रम लागु भइसकेपछि ५५ प्रतिशतले बृद्धि भएको छ ।

४.१.२ कक्षा छाड्ने विद्यार्थी संख्या

श्री सावित्री मा.वि.मा विद्यालय दिवा खाजा कार्यक्रम संचालन हुनुभन्दा अगाडि वर्षको अन्त्यमा कक्षा छाड्ने विद्यार्थी संख्या धेरै थियो तर पछि विद्यालय दिवा खाजा कार्यक्रम संचालन आएपछि कक्षा छाड्ने विद्यार्थी संख्या कम भएको छ । विद्यार्थीहरु भोकलाई नियन्त्रण गर्न नसकेर कक्षा छोड्ने प्रवृत्ति बढ्दै गइरहेको थियो तर पछि दिवा खाजा कार्यक्रमले सकरात्मक परिवर्तन ल्याएको छ । पछिल्लो समय कक्षा छाड्ने विद्यार्थी संख्या शुन्य भएको पाइन्छ ।

तालिका नं. ४.२

वर्षको अन्त्यसम्म कक्षा छोड्ने विद्यार्थीको विवरण

| कक्षा | कार्यक्रम लागु हुनुभन्दा अगाडि वर्ष | | | कार्यक्रम लागु भइसकेपछिको वर्ष | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| १ | ५ | ३ | ८ | १ | ० | १ |
| २ | ५ | ४ | ९ | ० | १ | १ |
| ३ | ७ | ९ | १५ | १ | १ | २ |
| ४ | ५ | ६ | ११ | | | ० |
| ५ | ५ | ४ | ९ | १ | | १ |
| ६ | ७ | ४ | ११ | १ | | १ |
| बाल कक्षा | ४ | ३ | ७ | | | ० |

माथिको तालिका नं २ अनुसार विद्यालयले दिवा खाजा कार्यक्रम लागु हुनुभन्दा अगाडि कक्षा छाड्ने विद्यार्थी संख्या धेरै थियो र दिवा खाजा कार्यक्रम लागु भइसकेपछि कक्षा छाड्न् विद्यार्थी संख्या शुन्य भएको छ ।

४.१.३ विद्यालय सर्वेक्षणबाट प्राप्त तथ्याकंको विश्लेषण

विद्यालयमा प्रदान गरिएको दिवाखाजा कार्यक्रमले सिकाइमा पारेको प्रभाव अध्ययनका लागि कार्यक्रम लागु हुनुभन्दा १ वर्ष अगाडिको शैक्षिक सत्र र कार्यक्रम लागु भएपछिको १ वर्ष पछिको शैक्षिक सत्रमा विद्यार्थीहरुको विद्यालय भर्ना, कक्षामा विद्यार्थीहरुको दैनिक उपस्थिति वर्षको अन्त्यसम्मा कक्षा छाड्ने विद्यार्थीहरु, कक्षा दोहोऱ्याउने विद्यार्थीहरु र विद्यार्थीहरुको शैक्षिक उपलब्धिको अन्तर नै यसले पारेको प्रभाव हो । तसर्थ विद्यालयबाट प्राप्त तथ्याकंका आधारमा दिवाखाजा कार्यक्रम लागु गर्दा र नगर्दाका समयमा विद्यालयमा भर्ना भएको अवस्था, कक्षा छाड्ने र दोहोऱ्याउनेको अवस्था र शैक्षिक उपलब्धिको आधारमा यसले पारेको प्रभावको अध्ययन गर्न सकिन्छ । यहाँ प्रस्तुत सम्पूण तथ्याकंहरु विद्यालय सर्वेक्षणबाट प्राप्त भएकाले ती तथ्याकंहरुलाई बुदागत रुपमा प्रस्तुत गरी विश्लेषण गरिएको छ ।

तालिका नं. ४.३

औसत विद्यार्थी भर्ना

विद्यालय दिवा खाजा कार्यक्रमले विद्यार्थी भर्नामा वृद्धि भएको पाइन्छ । अघिल्लो वर्षको तुलनामा पछिल्लो वर्ष दिवा खाजा कार्यक्रम लागु भइसकेपछि विद्यार्थी भर्ना संख्या एक्कासी बढेको देखिन्छ । विद्यालय दिवा खाजा कार्यक्रमले विद्यार्थी भर्नामा पनि सकरात्मक भुमिका खेलेको देखिन्छ ।

| कक्षा | कार्यक्रम लागु हुनुभन्दा अगाडि वर्ष | | | कार्यक्रम लागु भइसकेपछिको वर्ष | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| बाल कक्षा | १० | १२ | २२ | १५ | १० | २५ |
| १ | १० | १० | २० | १५ | १० | २५ |
| २ | १५ | १७ | ३२ | २० | १९ | ३९ |
| ३ | १४ | १४ | २८ | २० | १५ | ३५ |
| ४ | १६ | १७ | ३३ | २० | २० | ४२ |
| ५ | १७ | १७ | ३४ | २९ | २५ | ४५ |
| ६ | २३ | २६ | ४९ | ३० | ३१ | ६१ |
| जम्मा | १०५ | ११३ | २१८ | १४० | १३२ | २७२ |

माथिको तालिका नं. ४.३ अनुसार कार्यक्रम लागु हुनुभन्दा अगाडि र कार्यक्रम लागु भइसकेपछिको शैक्षिक सत्रको प्रत्येक कक्षामा भर्ना भएका औसत विद्यार्थीहरुको संख्या देखाइएको छ । कार्यक्रम लागु हुनुभन्दा अगाडि विद्यालयमा विद्यार्थी भर्ना केटा १४० जना र केटी १३२ जना जम्मा २१८ जना मात्र भएका थिए । कार्यक्रम लागु भए पश्चात औषत विद्यार्थी भर्ना केटा १४० जना र केटी १३२ जना गरी जम्मा २७२ जना भएका छन् ।

यसरी तुलनात्मक आधारमा दिवाखाजा कार्यक्रम लागु भए पश्चात विद्यार्थीको औषत भर्नामा उल्लेखनीय वृद्धि भएको देखिन्छ । तसर्थ विद्यार्थी भर्नामा वृद्धि हुनु भनेको दिवाखाजा कार्यक्रमले पारेको प्रभाव हो ।

४.१.३.२ कक्षामा हुने उपस्थिति सम्बन्धको विश्लेषण :

विद्यालयमा नियमित उपस्थिति सम्बन्धी अध्ययन गर्न सोधकर्ताले विद्यार्थीको दैनिक हाजिर खाता अवलोकन गरी तथ्याकं संकलन गरिएको थियो । नियमित उपस्थितिलाई निरन्तरता गराउन दिवाखाजा कार्यक्रमले महत्वपूण भूमिका निर्वाह गरेको अध्ययनको क्रममा पाइएको छ । विद्यार्थीहरु दिवाखाजा पाउने आशामा नियमित विद्यालयमा आउने गरेको अर्न्तवार्ताको क्रममा शोधकर्तालाई जवाफ दिइएको पाइयो । दिवाखाजा कार्यक्रम लागु हुनुभन्दा अगाडि र लागु पश्चात प्रत्येक कक्षामा विद्यार्थीको उपस्थिति दरलाई औषत रुपमा निम्न बमोजिम तालिकामा देखाइएको छ ।

तालिका नं. ४.४ विद्यार्थीको औषत उपस्थिति

विद्यार्थीको औषत उपस्थितिलाई विद्यालय दिवा खाजा कार्यक्रमले बढाएको छ । विद्यालय दिवा खाजा कार्यक्रम संचालन हुनुभन्दा अगाडि कम विद्यार्थी कक्षा कोठामा उपस्थित हुन्थे भने पछिल्लो समय विद्यालय दिवा खाजा कार्यक्रम संचालनमा आएपछि विद्यार्थीको उपस्थिति धेरै बढेको देखिन्छ । सधैको भन्दा विद्यालय दिवा खाजा कार्यक्रम पछि सकरात्मक सोचको विकास भएको देखिन्छ ।

| कक्षा | कार्यक्रम लागु हुनुभन्दा अगाडि वर्ष | | | कार्यक्रम लागु भइसकेपछिको वर्ष | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| बाल कक्षा | ९ | ४ | १३ | ११ | ११ | २२ |
| १ | ८ | ९ | १७ | १० | १० | २० |
| २ | १० | १० | २० | १५ | १५ | ३० |
| ३ | ११ | ८ | १९ | १५ | १७ | ३२ |
| ४ | १० | ११ | २१ | १५ | १२ | २७ |
| ५ | २० | १५ | ३५ | २० | २० | ४० |
| ६ | २१ | १४ | ३५ | २० | २१ | ४१ |

माथिको तालिका अनुसार दिवाखाजा कार्यक्रम लागु हुनु अगाडि र कार्यक्रम लागु भएपछि प्रत्येक कक्षामा केटा र केटी छुट्टै उपस्थिति देखाइएको छ । कार्यक्रम लागु हुनुभन्दा अगाडि कम उपस्थिति र पछाडि बढी उपस्थिति देखाइएको छ । यसरी हेर्दा विद्यार्थीको औषत उपस्थिति दिवाखाजा कार्यक्रमले बढाएको छ । तसर्थ तालिका अनुसार

दिवाखाजा कार्यक्रम पछि विद्यार्थीको उपस्थिति दर बढेको देखिन्छ । यसलाई नै कार्यक्रमले पारेको प्रभाव बुझिन्छ ।

४.१.३.३ वर्षको अन्त्य सम्ममा कक्षा छाड्ने विद्यार्थीको विवरण :

विद्यालय दिवाखाजा कार्यक्रम लागु हुनुभन्दा अगाडिको तथ्याकंलाई अवलोकन गरी विश्लेषण गर्दा दिवाखाजा कार्यक्रम लागु भए पश्चात कक्षा छाड्ने विद्यार्थीको संख्या न्यून रहेको पाइयो । दिवाखाजा कार्यक्रम विद्यार्थीको उपस्थितिलाई नियमित गर्ने उद्देश्यले संचालन भएकोमा उपस्थितिदर र विद्यालय छाड्ने प्रवृत्ति दुबैमा सकरात्मक प्रभाव पारेको पाइयो । उपस्थितिको आधारमा खाजा वितरण गरिने भएकोले विद्यार्थीहरु वर्षको अन्त्यसम्ममा कक्षा नछाडी नियमित उपस्थिति भएको पाइयो । कार्यक्रम लागु हुनुभन्दा अगाडि र कार्यक्रम लागु भइसकेपछिको वर्षको अन्त्यमा कक्षा छाड्ने गरेका विद्यार्थीको तथ्याकंलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

तालिका नं. ४.५

कक्षा छाड्ने विद्याथी विवरण

| कक्षा | कार्यक्रम लागु हुनुभन्दा अगाडि वर्ष | | | कार्यक्रम लागु भइसकेपछिको वर्ष | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| बाल कक्षा | ४ | ३ | ७ | १ | १ | २ |
| १ | ५ | ४ | ९ | १ | | १ |
| २ | ४ | ३ | ७ | १ | २ | ३ |
| ३ | ३ | ३ | ६ | १ | १ | १ |
| ४ | ४ | २ | ६ | १ | १ | २ |
| ५ | ३ | २ | ५ | १ | | १ |
| ६ | ५ | २ | ७ | | १ | १ |

माथिको तालिकामा कार्यक्रम लागु भइसकेपछि कक्षा छाड्ने दरलाई कम देखिएको छ । बालकक्षा देखि कक्षा ६ सम्म कक्षा छाड्ने प्रवृतिलाई दिवाखाजा कार्यक्रमले कम गरेको

देखिन्छ । त्यसैले यस तालिका अनुसार दिवाखाजा कार्यक्रमले सकरात्मक प्रभाव पारेको देखिन्छ ।

४.१.३.४ कक्षा दोहोऱ्याउने सम्वन्धको विश्लेषण :

विद्यालयमा दिवाखाजा कार्यक्रम लागु भए पश्चात नियमित उपस्थितिले सिकाइमा सकरात्मक प्रभाव पारेको कारणले अनुतिर्ण भइ वा न्युन अंक ल्याएको कारण कक्षा दोहोऱ्याउने संख्या घटेको तथ्याकं अनुसनधानको क्रममा सोधकर्ताले प्राप्त गरी उक्त तथ्याकंलाई विस्तृत रुपमा तालिकामा प्रस्तुत गरी विश्लेषण गरिएको छ । यसरी कक्षा दोहोऱ्याउने विद्यार्थीको संख्या घटनाले विद्यालय प्रशासन, वर्ग शिक्षक र विषय शिक्षकलाई शिक्षण सिकाइ क्रियाकलाप संचालन गर्न सजिलो भएको पाइयो । कार्यक्रम लागु हुनपूर्व र कार्यक्रम लागु भइसकेपछिको वर्षमा कक्षा दोहोऱ्याउने गरेको तथ्याकंलाई निम्न बमोजिम तालिकामा देखाइएको छ ।

माथिको तालिकामा कार्यक्रम लागु पूर्व र कार्यक्रम लागु भइसकेपछिको वर्षमा प्रत्येक कक्षामा केटाकेटी दुवैको कक्षा दोहोऱ्याउने देखाइएको छ । जसअनुसार कार्यक्रम लागु हुनुभन्दा अगाडिको वर्षमा बालकक्षा देखि ६ कक्षा सम्म कक्षा दोहोऱ्याउने विद्यार्थी ७ जना रहेका छन् । दिवाखाजा कार्यक्रम लागु हुनुपूर्व कक्षा दोहोऱ्याउने विद्यार्थी थुप्रै ३८ जना विद्यार्थी थिए । खाजा कार्यक्रम पछि कक्षा दोहोऱ्याउने विद्यार्थी कम भएको देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने दिवा खाजा कार्यक्रमले गर्दा सिकाइ उपलब्धिमा वृद्धि भई कक्षा दोहोऱ्याउने विद्यार्थी संख्यामा कमि आएको देखिन्छ ।

४.१.३ प्र.अ. शिक्षक, अभिभावक, विद्यार्थीबाट सिकाइ उपलब्धि र कार्यक्रमप्रतिको धारणाको विश्लेषण :

यस अध्ययनको क्रममा सुचना संकलनमा विद्यालयका प्रधानाध्यापक, शिक्षक, अभिभावक र विद्यार्थीहरुलाई वास्तिविक सूचना संकलनका लागि अर्न्तवार्ता निर्माण गरिएको थियो । उक्त सुचना हाताहरुबाट अर्न्तवार्ता प्रश्नावलीमा भरिएको वा उत्तर दिइएको कुरालाई तल विश्लेषण गरिएको छ ।

४.१.३.१ प्रधानाध्यापकबाट प्राप्त सुचनाको विश्लेषण :

श्री सावित्री मा.वि. को प्रधानाध्यापक समक्ष गई शोधकर्ता आफै दिवाखाजा कार्यक्रमको बारेमा सुचना संकलन गरिएको थियो । जस अनुसार यस विद्यालयका प्रधानाध्यापकको धारणा सकरात्मक आएको पाइऐ थियो । हाम्रो जस्तो मुलुकमा धेरैजसो किसानहरु भूमिहिन छन् । तिनीहरुका लागि खानाको अभाव रहन्छ । खानकै लागि अभिभावकले आफना नानीहरुलाई समेत काममा पठाउने र विद्यालयमा बालबालिकाको उपस्थिति न्युन रहेको थियो तर शिक्षा विभागले दिवाखाजा कार्यक्रमले उपस्थितिमा वृद्धि भएको छ र कक्षा छाड्ने प्रवृत्तिमा कमि आएको छ । विद्यार्थीहरुको वार्षिक परीक्षाको प्राप्ताकंमा  समेत सुधार आएको छ । यो कार्यक्रमले केही हौसला प्रदान गरेको छ भन्ने भनाइ प्र.अ. को रहेको छ तर प्र.अ. को भनाई अनुसार रु १५ ले खाजा खान पुग्दैन ।

४.१.३.२ शिक्षकहरुबाट प्राप्त सुचनाको विश्लेषण :

सुचना संकलनका लागि उक्त विद्यालयका कक्षा १-६ सम्मका वर्ग शिक्षकहरुलाई छनौट गरिएको थियो। यहाहरुलाई पनि सुचना संकलन गर्न अर्न्तवार्ता प्रश्नावली निर्माण गरिएको थियो । यस विद्यालयमा दिवाखाजा कार्यक्रम पश्चात विद्यार्थीमा हौसला आएको देखिन्छ । विद्यालयमा नियमित आउने ध्यानपूर्वक पठाएको सुन्ने, टिफिन समयमा नभाग्ने, समयमा विद्यालय आउने जस्ता गुणहरु विद्यार्थीमा आएको देखिन्छ । परीक्षामा समेत कम फेल हुने गरेको शिक्षकहरु बताउनुहुन्छ । यसबाट के प्रष्ट हुन्छ भने विद्यालयमा विद्यार्थी नियमपूर्वक आएर शिक्षा ग्रहण गर्छन भने यस कार्यक्रमले सकरात्मक प्रभाव पारेको देखिन्छ ।

४.१.३.३ अभिभावकहरुबाट प्राप्त सुचनाको विश्लेषण :

अध्ययन अनुसन्धान गरी दिवाखाजा कार्यक्रमले सिकाइमा पारेको प्रभावबारे सहि तथ्याकं संकलन गर्न छनौटमा परेका विद्यार्थीका अभिभावकहरुमध्ये नमुना छनौटमा परेका अभिभावकलाई अर्न्तवार्त प्रश्नावली भइरहेको थियो । जसबाट उनीहरुले हामी गरिब छौ । घरमा खानको लागि केही छैन । दिनहुँ मजदुरी गरेर अर्काको घरमा, खोलामा ढुङ्गा पिटेर बिहान बेलुकय जुटाउछौं । विद्यालयले दिएको दैनिक खाजाखर्च रु १५ ले पनि खानेकुरा राम्रो आउदैन भन्छन् । हाजिर भएन भने खाजा खर्च पाइदैन भनेर नानीहरु दैनिक विद्यालय जान्छन् । हाजीर नभए पैसा पाइदैन भन्छन् तर अहिले विद्यालयले दिवाखाजा खर्च दिन थालेपछि नानीहरु पनि सधै विद्यालय जान्छन् छुटाउन मान्दैन र अलि पढाइमा पनि सुधार

आएको छ । अर्न्तवार्ताकये क्रममा उनीहरु भन्छन् । विद्यालयले उक्त रकम ३,४ महिनामा मात्र दिने गरेको छ । त्यो रकम केही घर खर्च पनि चलाउछौ र केही कापीकलममा खर्च गर्छौ भन्छन् । खाजा खर्च दिन थालेदेखि नानीहरु टिफिनमा घर आउन छाडेका छन् । विद्यालयमा लिएको परीक्षामा पास हुन थालेका छन् । रु १५ ले खाजा केही पनि केही आउदैन भनी सुझाव पनि दिएका छन् । यसरी अभिभावकहरुले केही सुझाव सहित प्रस्तुत गरेको कुराका आधारमा विद्यालयमा संचालन गरिएको दिवाखाजा कार्यक्रमले विद्यार्थीहरुको सिकाइमा केही सकरात्मक प्रभाव पारेको देखिन्छ ।

४.१.३.४ विद्यार्थीहरुबाट प्राप्त सुचनाको विश्लेषण :

दिवाखाजा कार्यक्रमले विद्यार्थीको सिकाइमा पारेको प्रभावको अध्ययन गर्नका लागि सबै विद्यार्थीलाई छनौट गर्न सम्भव नभएकोले केही विद्यार्थीलाई छनौट गर्न सम्भव नभएकोले केही विद्यार्थीहरुलाई दिवाखाजाको बारेमा सोधिएको थियो । ती विद्यार्थीहरु मध्ये कसैले विद्यालयमा खाजा दिन थालेपछि विद्यालय आउन मन लागेको बताए । कसैले विद्यालयमा खाजा खान पाएपछि विद्यालयमा बस्न र खेल्न पढ्न मन लागेको बताए भने विद्यालयले दिवाखाजा दिनु अगाडि विद्यालय आउन मन नलाग्ने र खाजा खान पाइने भएकोले विद्यालय आएको भन्ने कुरा पनि अर्को थरी विद्यार्थीहरु बताउछन् । खाजा खाएपछि पढ्न मन लाग्छ भन्छन् अनि गृहकार्य गर्न पनि मन लाग्छ । हिजोआज त पढ्न, लेख्न मन लाग्छ फेल पनि भएको छैन भन्छन् । सजिलो पनि लाग्छ । नआएको कुरा गुरुलाई सिकाइ माग्छौ र हामीहरु सबै मिलेर खाजा खान्छौं र संगै मिलेर बस्छौ अनि पढ्छौं ।

यसरी विद्यार्थीहरुबाट सुचना संकलन गर्दा पनि विद्यालयमा प्रदान गरिएको दिवाखाजा कार्यक्रमले विद्यार्थीको सबै क्षेत्र भर्ना, उपस्थिति कक्षा छाड्ने दर, कक्षा दोहोऱ्याउने पास हुने, बढी अंक ल्याउने आदिमा निकै सुधार देखिन्छ । यसबाट के प्रष्ट हुन्छ भने यस दिवाखाजा कार्यक्रमले विद्यार्थीहरुमा सकरात्मक प्रभाव पारेको देखिन्छ ।

४.१.३.५ अवलोकन नमुना फारमबाट प्राप्त सुचनाको विश्लेषण :

अवलोकन फारम एक प्रकारको विद्यार्थीहरुको व्यवहार निर्देशित फारम हो । यस अन्तर्गत दिवाखाजा कार्यक्रमले विद्यार्थीको सिकाइमा कस्तो प्रभाव पार्न सक्यो भन्ने कुराको सहित सुचना संकलनका लागि अनुसन्धानकर्ताले स्वयं छनौटमा परेका विद्यार्थीका व्यवहार अवलोकन गरेको थियो । जसमा विद्यार्थीको हाजिरी रेकर्ड र उपस्थिति हेर्दा ९५ प्रतिशत

विद्यार्थी उपस्थित देखियो । विद्यार्थीहरु सफा भएर विद्यालय आएको पाइयो । सबै विद्यार्थीहरु आफनो गृहकार्य देखाउन लामबद्ध भएर उभिएको देखियो । शिक्षकले सोधेका प्रश्नका उत्तर पनि दिएको देखियो । अनुशासित भएर कक्षाकोठामा पढेको देखियो । तसर्थ दिवाखाजा कार्यक्रमले सबै क्षेत्रमा सुधार आएको देखियो त्यसैले स्पष्ट देखिन्छ । दिवाखाजा कार्यक्रमले विद्यार्थीहरुको सिकाइमा सकरात्मक प्रभाव पारेको देखिन्छ ।

४.१.३.५ अवलोकन नमुना फारमबाट प्राप्त सुचनाको विश्लेषण :

अवलोकन फारम एक प्रकारको विद्यार्थीहरुको व्यवहार निर्देशित फारम हो । यस अन्तर्गत दिवाखाजा कार्यक्रमले विद्यार्थीको सिकाइमा कस्तो प्रभाव पार्न सक्यो भन्ने कुराको सहि सुचना संकलनका लागि अनुसन्धानकर्ताले स्वयं छनौटमा परेका विद्यार्थीको व्यवहार अवलोकन गरेको थियो । जसमा विद्यार्थीको हाजिरी रेकर्ड र उपस्थिति हेर्दा ९५ प्रतिशत विद्यार्थी उपस्थित देखियो । विद्यार्थीहरु सफा भएर विद्यालय आएको पाइयो । सबै विद्यार्थीहरु आफनो गृहकार्य देखाउन लामबद्ध भएर उभिएको देखियो । शिक्षकले सोधेका प्रश्नका उत्तर पनि दिएको देखियो । टिफिन पछाडिको समयमा विद्यार्थी कमि देखिएन । तसर्थ दिवाखाजा कार्यक्रमले सबै क्षेत्रमा सुधार आएको देखियो त्यसैले स्पष्ट देखिन्छ । दिवाखाजा कार्यक्रमले विद्यार्थीहरुको सिकाइमा सकरात्मक प्रभाव पारेको देखिन्छ ।

४.२ दिवाखाजा कार्यक्रम संचालनमा देखाएको समस्याको पहिचान :

नेपाल सरकार शिक्षा मन्त्रालय शिक्षा विभागद्धारा संचालित दिवाखाजा कार्यक्रम संचालनमा विभिन्न पकयारका समस्याहरु देखिएको कुरा विभिन्न प्रतिक्रियादाताहरुबाट प्राप्त सुचनाको आधारमा विश्लेषण गरिएको छ ।

४.२.१ प्रधानाध्यापकबाट प्राप्त सुचनाः

प्र.अ.को बिचारलाई अध्ययन अनुसन्धान गर्दा वर्तमान समयमा प्रदान गरिदै आएको दिवाखाजा कार्यक्रमको लागि विद्यार्थीलाई नगद उपलब्ध गराउनु पर्ने हुन्छ । यसरी नगद नै विद्यार्थीलाई दिदा उक्त रकम जाडरक्सी सेवन गर्ने र घरायसी कामको लागि खर्च गर्ने र विद्यार्थीको खाजाको लागि खर्च नगरिएको देखियो । यसबाट विद्यार्थीको पढाइमा नकरात्मक अवस्था देखियो । अर्को तर्फ शिक्षा समन्वय समितलि खाजा कार्यक्रमको रकम प्राप्त गर्न झन्झटिलो व्यवस्था गरिदिएको छ । चौमासिक निकासाका आधारमा उक्त रकम खर्च गरी

दिनाले पनि दिवाखाजा कार्यक्रमको सिकाइमा सकरात्मक प्रभाव देखिएको पाइदैन भन्ने प्र.अ. को समान धारणा पाइन्छ ।

४.२.२ शिक्षकबाट प्राप्त सुचना

कुनै पनि कार्यक्रम लामो समयसम्म रहन सक्दैन त्यसलाई जिवन्त तुल्याउन समय सापेक्ष बनाइरहनु पर्दछ । सुरुका दिनमा दिवाखाजा कार्यक्रम जति प्रभावकारी थियो हाल यसको प्रभावकारितामा कमि आएको देखिन्छ । किनभने यसले सयम सापेक्ष खाजा कार्यक्रमको रकम वृद्धि गरिनुपर्दछ भन्ने कुरामा शिक्षकहरुको एकमत देखिन्छ । उनीहरुको धारणा अनुसार खाजा कार्यक्रममा दिइने रकम समय अनुसार पर्याप्त नभएको र उक्त रकम एकैचोटी अभिभावकलाई दिदा रकमको दुरुपयोग भएको पाइयो । प्रत्येक दिन विद्यार्थीको हातमा नगद दिइ भोलीको निम्ति खाजा प्रबन्ध गर्न र गराउन सके बढी प्रभावकारी हुने समेत उनीहरुले बताएका छन् ।

४.३.३ अभिभावकबाट प्राप्त सुचना :

अभिभावकहरुको प्राप्त विचारलाई अध्ययन अनुसन्धान गर्दा वर्तमान समयमा प्रदान गरिदै आएको दिवाखाजा कार्यक्रमको समस्याहरुमा प्र.अ. र शिक्षककै धारणा अनुसार देखिएको छ । उनीहरुको विचारमा अहिलेको समयमा प्रदान गरिदै आएको खाजा कार्यक्रमको रकम कम भएको छ । अहिलेको महङ्गीको समयमा खाजाको लागि रु १५ ले केही खाजा आउदैन भन्छन् । त्यसैगरी रकम लामो समयको अन्तरालमा दिने हुनाले गरिब अभिभावकलाई घरबाट पैसा निकाली नानीलाई खाजा खर्च गर्न गाह्रो परिरहेको अवस्था पनि देखिएको छ । पहिला त नानीहरु घरमा बस्दा बाबुआमालाई काममा सहयोग गर्ने र अहिले नानीहरु नियमित विद्यालय जाने हुदा काममा जान नपाई आम्दानीको बाटो हराएको कुरा बताउछन् । त्यसैले अभिभावकको लागि आयआर्जनको अर्को व्यवस्था मिलाउन आवश्यक देखिन्छ ।

४.२.४ विद्यार्थीहरुबाट प्राप्त सुचना :

वर्तमान समयमा प्रदान गरिदै आएको दिवाखाजा कार्यक्रमलाई प्रभावकारी बनाउन देखिएका समस्याहरु औल्याउने प्रभावकारी बनाउन देखिएका समस्याहरु औल्याउने क्रममा प्र.अ., शिक्षक तथा अभिभावकले जस्तो समस्याहरु औल्याएका थिए । त्यस्तै समस्याहरु विद्यार्थीहरुले पनि व्यक्त गरेका थिए । विद्यालयमा खाजाको रकम प्रदान गर्न थालेपछि

नियमित रुपमा विद्यालय आउन थालेका छन् तर उक्त खाजाका लागि दिइएको रकम कम भएको कुरा बताउछन् । विद्यालयबाट खाजाको रकम अभिभावकले लगेमा त्यो पैसाको खाजा खान नपाउने कुरा बताउछन् । खाजाका लागि नगद दिनुभन्दा विद्यालयले नै खाजाको प्रबन्ध गरि दिएमा राम्रो हुने कुरा व्यक्त गर्दछन् ।

४.२.५ अवलोकन नमूना फारमबाट प्राप्त सुचना :

अवलोकन फारम एक प्रकारको विद्यार्थीहरुको व्यवहार निर्देशित फारम हो । यस अर्न्तगत दिवाखाजा कार्यक्रमले विद्यार्थीको सिकाइमा कस्तो प्रभाव पार्न सक्यो भन्ने कुराको सही सुचना संकलनका लागि अनुसन्धानकर्ताले स्वयम् छनौटमा परेका विद्यार्थीको व्यवहार अवलोकन गरेको थियो । जसमा विद्यार्थीको हाजिरी रेकर्ड र उपस्थिति हेर्दा ९५ प्रतिशत विद्यार्थी उपस्थित देखियो । विद्यार्थीहरु सफा सुग्घर भएर विद्यालय आएका थिए । सबै क्षेत्रमा सकरात्मक प्रभाव देखियो । यसबाट के स्पष्ट हुन्छ भने विद्यालयमा दिवाखाजा कार्यक्रमले विद्यार्थीको सिकाइमा सकरात्मक प्रभाव पारेको देखिन्छ ।

## ४.३.१ सारांश

विद्यालयमा प्रदान गरिएको दिवाखाजा कार्यक्रमले पारेको प्रभाव :

विद्यालय दिवा खाजा कार्यक्रम भन्नाले प्राथामिक शिक्षाको स्तर अभिवृद्धि गरी दक्ष मानवीय स्रोतको विकास गरी निरक्षरता कम गर्ने उद्देश्यले खाद्यान्न अभाव र शिक्षाको पहुँचमा विकास गर्ने र बालबालिकालाई आधारभुत शिक्षा पहुंचमा अभिवृद्धि गरी विद्यार्थीको पोषण तथा स्वास्थ्य स्थितिमा सुधार ल्याउने दीर्घकालीन कार्यक्रम हो । विद्यालय दिवा खाजा कार्यक्रमले रोग, भोक र शोक साथै बाल स्वास्थ्य स्थितिमा सुधार ल्याएको देखिन्छ । श्री सावित्री मा.वि. केराबारी ५ मोरङमा विद्यालय दिवा खाजा कार्यक्रमले सकरात्मक प्रभाव पारेको देखिन्छ । कार्यक्रम लागु भए पश्चात विद्यार्थी भर्नादरमा वृद्धि, विद्यार्थी उपस्थिति संख्यामा वृद्धि र कक्षा छोड्ने दरमा कम भएको देखिन्छ । कक्षा दोहोऱ्याउने विद्यार्थी संख्या पनि कम भएको देखिन्छ । शैक्षिक उपलब्धि वृद्धि भएको औषत प्राप्ताकंमा वृद्धि भएको साथै सिकाइमा सकरात्मक प्रभाव पारेको देखिन्छ । दिवा खाजा कार्यक्रमलाई अझै कसरी प्रभावकारी र व्यवस्थापन गर्ने भन्ने सन्दर्भमा व्यापक छलफल र समस्या सामाधानका उपायहरु अपनाउनु जस्ता व्यापक छलफल भई लागु गर्ने सरसल्लाह पनि भएको छ । यी

सबै समस्याहरुको समाधान अध्ययन र अनुसन्धानबाट पत्ता लगाइएको हो । बुंदागत रुपमा निम्न अनुसार रहेका छन् ।

- कार्यक्रम लागु भएपश्चात विद्यार्थीको भर्नादरमा वृद्धि भएको छ ।
- कार्यक्रम लागु भए पश्चात विद्यार्थीको उपस्थिति संख्यामा ९० प्रतिशतले वृद्धि भएको छ
- विद्यार्थीको कक्षा छाड्ने दरमा कमि आएको छ ।
- विद्यार्थीको कक्षा दोहोऱ्याउने दरमा कमि आएको छ ।
- कार्यक्रम लागु भए पश्चात शैक्षिक उपलब्धि वृद्धि भएको छ ।
- कार्यक्रम लागु भएपश्चात विद्यार्थीको औसत प्राप्तांकमा वृद्धि भएको छ ।
- सामान्यतया दिवाखाजा कार्यक्रमले सिकाइमा सकरात्मक प्रभाव पारेको छ ।

४.३.२ दिवाखाजा कार्यक्रम संचालनले सिकाइ उपलब्धिमा देखाइएको समस्या :

- समयानुकुल खाजा कार्यक्रमको लागि रकम वृद्धि नगरिएको ।
- अनुगमन प्रणाली चुस्त र दुरुस्त नभएको
- सबै तह र विद्यालयमा लागु नगरिएको ।
- खाजा रकम अभिभावकलाई प्रदान गरिदा दुरुपयोग हुने हुनाले उचित व्यवस्थापन गर्नुपर्ने ।
- विद्यार्थीहरुमा थप प्रोत्साहन हौसला प्रदान गर्न कार्यक्रम संचालन नभएको ।
- चौमासिक रुपमा खाजा रकम प्रदान गर्दा विद्यार्थीलाई खाजाको प्रबन्ध गर्न गाऱ्हो भएको ।
- विद्यार्थीले ल्याउने खाजामा पौष्टिक तत्वको अभाव ।

### ४.३.२ नतिजा

दिवा खाजा कार्यक्रमले सकरात्मक परिवर्तन भए पनि विद्यालय दिवा खाजा कार्यक्रममा धेरै समस्या भएको भन्ने निष्कर्ष निकालिएको छ । विद्यालय दिवा खाजा कार्यक्रम संचालनमा देखिएको विभिन्न समस्याहरु रहेका छन् । समयाअनुकुल दिवा खाजा कार्यक्रमको लागि रकम वृद्धि नगरिएको अनुगमन प्रणाली चुस्त दुरुस्त नभएको, सबै तह र विद्यालयमा लागु नगरिएको, खाजा रकम अभिभावकले दुरुपयोग गरेको र

उचित व्यवस्थापन नभएको विद्यार्थीहरुमा थप प्रोत्साहन हौसला प्रदान गर्न कार्यक्रम संचालन नभएको र चौमासिक रुपमा रकम प्रदान गर्दा विद्यार्थीहरुलाई खाजाको प्रबन्ध मिलाउन गाऱ्हो भएको र विद्यार्थीले ल्याउने  खाजामा पौष्टिक तत्वको अभाव भएको पाइन्छ । विद्यालय दिवा खाजा कार्यक्रमलाई अझै प्रभावकारी बनाउन सरकार पक्षबाट व्यवस्थित बनाउन जरुरी देखिन्छ ।

# परिच्छेद ५ पाँच

## निष्कर्ष र सुझावहरु

प्रस्तुत विद्यालयमा प्रदान गरिएको दिवाखाजा कार्यक्रमको सिकाइमा पारेको प्रभावको अनुसन्धानबाट निम्न निष्कर्ष र सुझावहरु प्रस्तुत गरिएको छ।

### ५.१ निष्कर्ष :

आधारभुत विद्यालयमा प्रदान गरिने दिवाखाजा कार्यक्रमको दीर्घकालीन उद्देश्य विद्यार्थीहरुको सिकाइको स्तरोन्नती गरी दक्ष, शिक्षित, अनुभवी मानवीय स्रोतको विकासमा सहयोग पुऱ्याउनु हो । यो उद्देश्य पुरा गराउन आधारभुत तहका विद्यार्थीको सिकाइमा प्रभावकारी भूमिका खेल्ने कुराहरु विद्यार्थी भर्ना वृद्धि गराउने, कक्षा छोड्ने प्रवृत्तिलाई घटाउने, विद्यार्थीलाई अध्ययन क्षमतामा वृद्धि ल्याउने, छोटो समयको निम्ति थोकबाट राहत दिने, अल्पकालीन उद्देश्यहरु राखी यो कार्यक्रम खाद्यन्न न्युन तथा आदिवासी जनजाती दलित जातिहरुको बाहुल्यता रहेको क्षेत्रमा यो कार्य क्रम लागु गरिएको छ। यस अन्तर्गत केराबारी ५ गाउपालिका अर्न्तगत श्री सावित्री मा.वि. लाई लिइएको थियो। दिवाखाजा कार्यक्रम लागु भई सकेपछि विद्यार्थी भर्नादरमा वृद्धि भएको छ। सिकाइमा सकरात्मक प्रभाव पारेको छ। विद्यार्थी नियमितता कायम भएको छ। कक्षा छाड्ने र दोहोऱ्याउने प्रवृत्तिमा कमि आएको छ। कक्षा छोड्ने र दोहोऱ्याउने दरमा कमि आएको छ। कार्यक्रम लागु भए पश्चात उर्तिण दर पनि बढेको पाइएको छ । यस कार्यक्रमले विद्यार्थीको सिकाइमा सकरात्मक प्रभाव पारेको देखिन्छ। विद्यालयका प्र.अ. शिक्षक, अभिभावक तथा विद्यार्थी समेतले विद्यालयमा प्रदान गरिएको खाजा कार्यक्रमले विद्यार्थीको सिकाइमा सकरात्मक प्रभाव छाड्न सकेको कुरा अभिव्यक्त गर्दछन्। विद्यालयको रकेर्ड अनुसार कार्यक्रम लागु पश्चात विद्यार्थीहरुको भर्ना वृद्धि, कक्षा छाड्ने दरमा कमि कक्षा दोहोऱ्याउनेमा कमि उपस्थितिमा वृद्धि, उतिर्ण प्रतिशतमा वृद्धि तथा प्राप्ताकंमा समेत वृद्धि भएको बताउछन्। विद्यार्थी स्वयम् विद्यालय आएर पढ्न मन लाग्ने कुरा बताउछन्। यी कुराबाछ पनि के प्रष्ट हुन्छ भने दिवाखाजा कार्यक्रमले सिकाइमा सकरात्मक प्रभाव छाड्न सकेको छ।

## ५.२ सुझावहरु :

यस अध्ययनका आधारमा कार्यक्रम संचालनमा देखिएका समस्याहरु हटाई कार्यक्रमलाई आउने दिनहरुमा प्रभावकारी रुपमा संचालन गर्नका लागि निम्नानुसारका सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१ निति निर्माता पक्ष :

क) धेरैजसो अभिभावकहरु गरिब छन् । उनीहरुलाई बिहान बेलुकाको छाक टार्न धौ धौ परेको अवस्थामा ४,४ महिनामा दिने खाजा रकमले अफठ्यारो अवस्था सिर्जना हुनसक्छ । तसर्थ खाजा बापतको रकम प्रत्येक महिनामा उपलब्ध गराउनुपर्दछ ।

ख) महगी दिनप्रतिदिन बढ्दै गइरहेको वर्तमान समयमा प्रति विद्यार्थी रु १५ लाई समयानुकुल परिवर्तन गरी विद्यार्थीलाई खाजा खान पुग्ने रकम उपलब्ध गराउनुपर्दछ ।

ग) कार्यक्रम लागु भएका प्रत्येक विद्यालयमा विद्यार्थीको हाजिरी रेकर्ड समयसमयमा निरिक्षण गरिनुपर्दछ ।

घ) विद्यार्थीलाई दिउँसो दिइने खाजा खर्च रकम विद्यार्थीका अभिभावकले घरायसी र दुरुपयोग गर्ने भएकोले उत्तम विकल्पको खोजी गर्नुपर्छ ।

ङ) जनसरोकारसंग प्रत्यक्ष सम्वन्ध राख्ने स्थानीय निकाय गाउंपालिका, गाउ शिक्षा समिति आदिलाई निरीक्षणको जिम्मा दिनुपर्छ ।

च) सिकाइ कार्यक्रमलाई प्रभावकारी बनाइ भर्नादर वृद्धि गर्ने, कक्षा छाड्ने दरलाई कटौती गराउने, उत्तीर्ण प्रतिशत बढाउने, प्राप्ताकं प्रतिशत बढाउने विद्यालयलाई पुरस्कृत गरिनुपर्दछ ।

### ५.२.२ कार्यान्वयन पक्ष :

क) विद्यार्थीले संचालन गर्ने विभिन्न अतिरिक्त क्रियाकलापबाट सर्वोत्कृष्ट हुने र शिक्षण सिकाइमा सक्रिय रहने विद्यार्थीहरुलाई हौसला प्रदान गर्न थप व्यवस्था गरिनुपर्दछ ।

ख) विद्यार्थीलाई थप हौसला प्रदान गरी सिकाइलाई प्रभावकारी बनाउन विद्यालय खुलेको सबै दिन उपस्थिति हुने विद्यार्थीलाई प्रोत्साहन स्वरुप थप रकमको व्यवस्था गरिनु पर्दछ ।

ग) विद्यार्थीलाई स्वास्थ्य बनाइ प्रभावकारी ढंगबाट सिकाइ प्रदान गर्न स्वास्थ्य र पौष्टिक युक्त खानेकुरा खान अभिप्रेरित गरिनुपर्दछ ।

घ) विद्यार्थीका लागि आएको खाजा कार्यक्रमको रकम सही ठांउमा प्रयोग गरिनुपर्दछ ।

५.२.३ निति निर्माणको लागि सुझावः

क) दिवा खाजा कार्यक्रम सुधारको लागि निरन्तर अनुगमन र प्रभावकारिताको मूल्याकंन गर्नुपर्दछ ।

ख) समयको परिवर्तनसंगै दिवाखाजाको विकल्प खोज्नका लागि सहयोग गर्नु पर्दछ ।

ग) यस शोधपत्रलाई सन्दर्भ सामाग्रीको रुपमा प्रयोग गर्न सहयोग गर्नु पर्दछ ।

घ) यस अनुसन्धानबाट पत्ता लाग्न नसकेका समस्याहरु छलफल गरी अझै व्यापक रुपमा अनुसन्धान गरी समस्याहरु पत्ता लगाउनु पर्दछ ।

# सन्दर्भ ग्रन्थ सुची

अधिकारी, तोयानाथ, (२०७३) माध्यमिक शिक्षक दिशा निर्देश, काठमाडौ, आदित्य बुक्स एटलस, (२०७२) काठमाण्डौ, मेघा पब्लिकसन

कट्टेल,बालचन्द्र : (२०६५) पाठ्यक्रम अध्ययन काठमाण्डौः न्यू हिरा बुक्स इन्टरप्राइजेज, काफ्ले टोलनाथ नेपाल, खगेन्द्रप्रसाद चौधरी, नाथुराम खड्का, प्रकाशकुमार : (२०६५)

मनोवैज्ञानिक परिक्षण, काठमाण्डौ , जुपिटर, प्रकाशक र वितरक :

खनाल, श्रीप्रसाद तिम्सिना, विनोद खड्का, (२०६१), गुणात्मक मुल्याकंन अनुसन्धानः काठमाण्डौ क्षितिज प्रकाशनः खनाल,पेशल (२०६६) शैक्षिक अनुसन्धान पद्धति, किर्तिपु र, काठमाण्डौ , सनलाइट पब्लिकेशन

खनाल, पेशल (२०६५) : कार्यक्रम मूल्याकंन, काठमाण्डौ जुपिटर प्रकाशक र वितरक, दिवा खाजा व्यवस्थापन सम्बन्धि विभिन्न लेखनहरु सम्बन्धि २०७७/ ७८ सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजिकरण पुस्तिका २०७६ ।

बुढाथोकी, चित्रबहादुर , वाग्ले विष्णुप्रसाद (२०६८) विद्यालय स्वास्थ्य कार्यक्रमको व्यवस्थापन, बागबजार काठमाण्डौ, पिनाकल पब्लिकेशन प्रा.लि.

शर्मा चिरञ्जिवी, (२०५८) शिक्षा मनोविज्ञान काठमाण्डौ , एम.के प्रकाशक र वितरक शर्मा, चिरञ्जीवी , शर्मा निर्मला (२०६५) कक्षाकोठामा मनोविज्ञान, काठमाण्डौ एम.के प्रकाशक र वितरक

शिक्षक मासिक (२०७८) काठमाण्डौ जेष्ठ

शिक्षक मासिक, (२०७८) काठमाण्डौ, असार

शिक्षक मासिक (२०७८) काठमाण्डौ, श्रावण

अनुसुचि १

# त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय

## जनता बहुमुखी क्याम्पस

स्वास्थ्य शिक्षा विभाग

इटहरी, सुनसरी

**तथ्याकं संकलन फारमको नमुना**

गाउँपालिकाको नामः

विद्यालयको नामः

१. विद्यार्थी भर्ना सम्बन्धी विवरण :

| कक्षा | कार्यक्रम लागु हुनुभन्दा अगाडि वर्ष | | | कार्यक्रम लागु भइसकेपछिको वर्ष | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| बाल कक्षा | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| | | | | | | |

२. कक्षामा औषत विद्यार्थीको उपस्थिति

| कक्षा | कार्यक्रम लागु हुनुभन्दा अगाडि वर्ष | | | कार्यक्रम लागु भइसकेपछिको वर्ष | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| बाल कक्षा | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| | | | | | | |

३. वर्षको अन्त्य सम्ममा कक्षा छाड्ने विद्यार्थी

| कक्षा | कार्यक्रम लागु हुनुभन्दा अगाडि वर्ष | | | कार्यक्रम लागु भइसकेपछिको वर्ष | | |
|---|---|---|---|---|---|---|
| | केटा | केटी | जम्मा | केटा | केटी | जम्मा |
| बाल कक्षा | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| | | | | | | |

अनुसुचि २

# त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय

## जनता बहुमुखी क्याम्पस

स्वास्थ्य शिक्षा विभाग

इटहरी, सुनसरी

**विद्यालय खाजा व्यवस्थापन समितिको अध्यक्षलाई सोधिने नमुना प्रश्नहरु :**

विद्यालय :

नाम :

१. विद्यालयमा प्रदान गरिने दिवाखाजा कार्यक्रमको बारेमा थाहा छ ?

क) छ    ख) छैन

२. छ भने यस कार्यक्रमको प्रमुख उद्देश्य के हो ?

क) भर्नादर वृद्धि गर्नु  ख) कुपोषणबाट बचाउनु ग) सिकाइ उपलब्धिमा वृद्धि गर्नु

घ) कक्षा छाड्ने दरमा कमि गर्नु

३. यो विद्यालयमा कहिले बाट दिवाखाजा कार्यक्रम लागु भएको ?

क) २०५५    ख) २०५७    ग) २०६४    घ) २०६५

४. को यो कार्यक्रम लागु भए देखि कस्तो नतिजा देखिएको छ ?

क) भर्नादर वृद्धि    ख) सिकाइमा सकरात्मक

ग) उत्साहजनक उपस्थिति    घ) कक्षा छोड्ने दरमा कमि

६. प्रति विद्यार्थी खाजाको लागि कति रकम आउदैछ ?

क) १०    ख) १२    ग) १५    घ) १४

७. यो कार्यक्रम समस्याहरु के के छन् ?

क) जनशक्तिको अभाव ख) स्थानको कमि ग) व्यवस्थापकीय समस्या

८. ति समस्या समाधान गर्न के गर्नुभएको छ ?

क) जनशक्तिको व्यवस्थापन ख) रकम वितरण ग) स्थानको व्यवस्था

९. तपाइको विचारमा नगद या तयारी खाजा कुन दिन राम्रो ।

क) नगद ख) तयारी खाजा

१०. यो कार्यक्रमले शिक्षकलाई समेटेको छ ?

क) छ ख) छैन ग) प्र.अ. लाई मात्र

११. आधारभूत र मा.वि. दुई तहमा यो कार्यक्रम लागु गरिएको छ ?

क) आधारभुत मात्रै ख) मा.वि. मात्रै

१२. यस रकमले विद्यार्थीलाई खाजा खान पुग्छ ?

क) पुग्छ ख) पुग्दैन

१३. यो कार्यक्रमको लागि रकम कहांबाट आउँछ ?

क) शिक्षा मन्त्रालय ख) शिक्षा विभाग ग) प्रदेश सरकार घ) विद्यालय स्रोत

१४. खाजा कार्यक्रम पछि विद्यार्थी अतिरिक्ति कार्यक्रममा भाग लिएका छन् कि छैनन् ?

क) छन् ख) छैनन ग) कहिलेकाही

१५. विद्यार्थीको आलस्यता परिवर्तन आएको छ ?

क) छ ख) छैन

१६. खाजा खाएपछि विद्यार्थी भाग्नेदर छ कि छैन ?

क) छ ख) छैन

१७. खाजा बनाउने सामाग्री कहां भण्डारण गर्नुहुन्छ ?

क) कार्यालयमा ख) कक्षाकोठामा ग) भण्डारण कक्षमा

१८) खाजा कुन समयमा दिनुहुन्छ ?

क) १० बजे ख) १२ बजे ग) १ बजे

अनुसुचि ३

# त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय

## जनता बहुमुखी क्याम्पस

स्वास्थ्य शिक्षा विभाग

इटहरी, सुनसरी

**विद्यालय प्रधानाध्यापकलाई सोधिने प्रश्नावली नमूना :**

विद्यालयको नाम :

प्र.अ.को नाम :

१. तपाईको विद्यालयमा कहिलेदेखि दिवाखाजा कार्यक्रम लागु भएको हो ?

क) २०५२ ख)२०६४ ग)२०५७

२. विद्यार्थीलाई खाजा बनाएर दिनुहुन्छ कि घरबाट बनाएर ल्याउछन् ?

क) विद्यालयमा ख) घरबाट

३. खाजा कि नगद दिनुहुन्छ ?

क) खाजा ख) नगद

४. खाजा कार्यक्रम अगाडि र पछाडि पश्चात उपस्थिति दरमा के फरक छ ?

क) उपस्थिति बढेको छ ख) उपस्थिति घटेको छ ग) उस्तै छ

५. कार्यक्रम लागुबाट भर्नादर वृद्धि भएको छ कि ?

क) वृद्धि भएको छ ख) घटेको छ

६. खाजा कार्यक्रम लागु पश्चात विद्यार्थीको पढाइप्रति रुचि कस्तो पाउनुभएको छ ?

क) राम्रो ख) नराम्रो ग) धेरै राम्रो

७. जि.शि.का. बाट खाजा कार्यक्रम स्वरुप नगद दिने प्रावधान कस्तो छ ?

क) मासिक ख) चौमासिक ग) वार्षिक घ) अर्धवार्षिक

८. खाजा कार्यक्रमले विद्यार्थीको व्यवहारमा परिवर्तन छ ?

क) छ ख) छैन

९. खाजा कार्यक्रमले विद्यार्थीको नियमितता कस्तो छ ?

क) राम्रो ख) नराम्रो ग) कमि छैन

१०. दिवाखाजा कार्यक्रम संचालनमा के के समस्या छन् ?

क) खाजा बनाउने ख) पकाउने र खुवाउने स्थानको समस्या

ग) सहकार्यको समस्या घ) अन्य समस्या

११. यी समस्या समाधानको लागि के के गर्नुपर्ला ?

क) पकाउने, खुवाउनेको व्यवस्था ख) जनशक्तिको व्यवस्था

ग) सहकार्य सम्वन्धी व्यवस्था

१२. अतिरिक्त कार्यक्रममा सहभागी विद्यार्थी संख्या कस्तो छ ?

क) उल्लेखनीय वृद्धि ख) पहिलेको जस्तै ग) घटेको छ ।

१३. कक्षाकोठामा निदाउने संख्या घटेको छ ?

क) छ ख) छैन

१४. दिवाखाजाले विद्यार्थी सिकाइमा कस्तो प्रभाव छ ?

क) सकरात्मक ख) नकरात्मक ग) उस्तै

अनुसुचि ४

# त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय

## जनता बहुमुखी क्याम्पस

स्वास्थ्य शिक्षा विभाग

इटहरी, सुनसरी

**शिक्षकहरुलाई अन्तर्वार्ताको क्रममा सोधिने प्रश्नावलीको नमुनाः**

गाउँपालिका :

विद्यालयको नाम :

शिक्षकको नाम :

१. तपाइको विद्यालयमा लागु भएको खाजा कार्यक्रमको बारेमा तपाईलाई थाहा छ ?

क) थाहा छ    ख) थाहा छैन    ग) त्यति वास्ता गरिदैन

२. छ भने के दिइन्छ ?

क) नगद    ख) हलुवा    ग) लिटो

३. नगद दिइन्छ भने कति दिइन्छ ?

क) रु १०    ख)रु १२    ग) १४    घ) १५

४. दिवाखाजाको सुविधा शिक्षकले पाउने व्यवस्था छ ?

क) छ    ख) छैन

५. तपाईकये विचारमा विद्यार्थीहरुलाई तयारी खाजा दिनु राम्रो की नगद ?

क) तयारी खाजा    ख) नगद

६. दिवाखाजा कार्यक्रमले विद्यार्थी नियमिततामा कस्तो प्रभाव पारेको छ ?

क) नियमित ख) अनियमित ग) सुधार राम्रो छ

७. दिवाखाजा कार्यक्रमले विद्यार्थी भर्नामा वृद्धि भएको छ ?

क) भएको छ ख) अनियमित ग) सुधार राम्रो छ ।

८. यो कार्यक्रमले सिकाइमा कस्तो प्रभाव पारेको छ ?

क) सकरात्मक ख) पढाइप्रति सक्रिय ग)दीर्घकालीन सिकाइ घ) माथिका सबै

९. मानसिक विकास कस्तो पाउनुभएको छ ?

क) सकरात्मक ख) नकरात्मक

१०. अतिरिक्त क्रियाकलापमा भाग लिने संख्या कस्तो छ ?

क) बढ्दो ख) घट्दो

११. शारीरिक वृद्धि कस्तो छ ?

क) सकरात्मक ख) नकरात्मक

१२. यो कार्यक्रम लागु भएपश्चात विद्यार्थीको उपस्थिति कस्तो छ ?

क) वृद्धि भएको छ ख) घटेको छ

१३. कक्षा छाड्ने दरमा कमी आएको छ कि छैन ?

क) छ ख) छैन

अनुसुचि ५

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय

## जनता बहुमुखी क्याम्पस

स्वास्थ्य शिक्षा विभाग

इटहरी, सुनसरी

**विद्यार्थीलाई सोधिने प्रश्नावलीको नमुना**

गाउँपालिका :

विद्यालयको नाम :

विद्यार्थीको नामः कक्षा :

१. तिमीलाई विद्यालयबाट खाजा खाने पैसा दिइन्छ ?

क) दिइन्छ ख) दिइदैन

२. त्यो पैसा के गर्छौ ?

क) तिमीलाई विद्यालयबाट खाजा खाने पैसा दिइन्छ ?

क) दिइन्छ ख) दिइदैन

२. त्यो पैसा के गर्छौ ?

क) खाजा खान्छु ख) घरमा दिन्छु ग) सामान किन्छु

३. विद्यालय नजादा पनि पैसा पाइन्छ ?

क) पाइन्छ ख) पाइदैन

४. तिमी विद्यालय किन जान्छौं ?

क) पैसा कमाउन ख) पढ्न ग) खाजा खान

५. तिमीलाई विद्यालय जान मन लाग्छ ?

क) लाग्छ ख) लाग्दैन

६. टिफिनमा खाजा खान घर जान्छौं ?

क) घर जान्छु ख) विद्यालयमै खान्छु

७. दिउँसो खाजा खाएपछि पढ्न मन लाग्छ ?

क) लाग्छ ख) लाग्दैन

८. विद्यालय दिवाखाजा खर्च दिएपछि विद्यालय छोड्न मन लाग्छ ?

क) लाग्छ ख) लाग्दैन

९. कक्षामा सक्रिय सहभागी हुन्छौ कि हुदैनौ ?

क) हुन्छु ख) हुदैन

अनुसुचि ६

# त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय

## जनता बहुमुखी क्याम्पस

स्वास्थ्य शिक्षा विभाग

इटहरी, सुनसरी

**अवलोकन फारमको नमुना**

गाउँपालिका :

विद्यालय

| क.स | | १ | २ | ३ | ४ | ५ |
|---|---|---|---|---|---|---|
| | | सधै | धेरैजसो | सामान्य | कहिलेकाही | कहिल्यै गर्दिन |
| १ | विद्यार्थीकोविद्यालयमा उपस्थिति | | | | | |
| २ | विद्यार्थीले गृहकार्य कति गर्छ । | | | | | |
| ३ | विद्यार्थी सिकाइ क्रियाकलापमा कति सहभागी हुन्छ । | | | | | |
| ४ | विद्यार्थी विद्यालयमा कति हसिलो देखिन्छ ? | | | | | |
| ५ | विद्यार्थीले अतिरिक्त क्रियाक लापमा कतिको सहभागी जनाउछ । | | | | | |
| ६ | विद्यार्थीको सरसफाइ कस्तो छ ? | | | | | |
| ७ | प्रश्नोत्तर कतिको गर्छन् ? | | | | | |
| ८ | विद्यार्थीसिकाइ क्रियाकलापमा कति रुचि राख्छन् ? | | | | | |
| ९ | विद्यार्थी नियमितता कस्तो देखिन्छ ? | | | | | |